
# मृग र कस्तूरीहरू

बाल सृजना सङ्ग्रह



# मृग र कस्तूरीहरु


बाल सृजना सङ्ग्रह



**बाल सृजना संकलन** : साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउण्डेशन
**सम्पादन** : महेश्वर आचार्य, बिष्णु अच्छामी र अंकुर श्रेष्ठ
**आवरण तथा पृष्ठ चित्र** : बिनिता तिमिल्सिना
**अवधारणा र सजावट** : बिष्णु अच्छामी
**प्रकाशक** : साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउण्डेशन, नेपाल
र
**सहयोगी संस्था** : रफोर्ड फाउण्डेशन, युके
**ISBN** : **978-9937-1-3806-2**

# मृग र कस्तूरीहरू

## बाल सृजना सङ्ग्रह



साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउण्डेशन र रफोर्ड फाउण्डेशनको प्रकाशन

The Rufford Foundation
www.rufford.org @ruffordgrants

SMCRF



कस्तूरी मृगाको बासस्थान



भाले कस्तूरी मृग

# हाम्रो भनाई

यस कस्तूरी मृग सम्बन्धी बाल लेख तथा चित्राङ्कित पुस्तक गोरखा जिल्लाका विभिन्न विद्यार्थीका लेख तथा चित्रहरूको सँगालो हो । साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउण्डेशनको नेतृत्व र रफोर्ड फाउण्डेशन, युकेको आर्थिक सहयोगमा पहिलो पटक सन् २०१८ मा मनास्लु संरक्षण क्षेत्र वरपरका विद्यालयका विद्यार्थीहरू बीचमा कस्तूरी मृगसम्बन्धी सचेतना कार्यक्रम गर्नुका साथै निबन्ध र चित्र प्रतियोगिता सञ्चालन गरिएको थियो । उक्त प्रतियोगितामा विद्यार्थीहरूले बनाएका चित्र र लेखेका निबन्धहरूलाई यस पुस्तकमा प्रस्तुत गरिएको छ ।

सन् २०१८ मा पहिलोपटक कस्तूरी मृगसम्बन्धी सचेतना कार्यक्रम गरिँदा कस्तूरी मृगसम्बन्धी पोस्टर तथा ब्रोसर विद्यार्थी तथा स्थानीय बासिन्दाहरूलाई वितरण गरिएको थियो । ती सामग्रीले केही हदमा संरक्षणको सकारात्मक प्रभाव पारेका थिए । यदि विद्यार्थीहरूलाई नै कस्तूरी मृगसम्बन्धी सृजना गर्ने अवसर दिँदा उनीहरूमाझ झनै सकारात्मक तथा प्रभावकारी प्रभाव पर्ने आशा गरेर सन् २०२२ मा दोस्रोपटक सचेतना कार्यक्रम गरिँदा गोरखा जिल्लाका विभिन्न विद्यालयका विद्यार्थीहरूलाई कस्तूरी मृगबारे कथा, निबन्ध तथा कविता लेख्न आग्रह गरियो । यो अभियानमा रफोर्ड फाउण्डेशनको आर्थिक सहयोग रहेको थियो ।

विद्यार्थीहरूलाई गरिएको आग्रह अनुसार उनीहरूले कथा, कविता र निबन्ध तयार पारे । उनीहरूले नै लेखेका कथा, कविता, निबन्ध र चित्रहरूलाई समावेश गरी यो बाल सृजना सङ्ग्रह तयार पारिएको हो ।

विश्वमा पाइने सात प्रजातिका कस्तूरी मृगमध्ये दुई प्रजातिका कस्तूरी मृग नेपालका हिमाली क्षेत्रमा पाइन्छन् । ती प्रजाति पनि मानिसले चोरी सिकार गर्ने, वासस्थानको अतिक्रमण गर्ने जस्ता क्रियाकलापका कारण दिनानुदिन लोप हुने खतरामा छन् । नेपालमा पाइने प्रजातिहरू आइ.यु.सि.एन.को रातो सूचीमा सङ्कटापन्न अवस्थामा रहेका छन् ।

यस पुस्तकमार्फत विद्यार्थी तथा स्थानीयलाई कस्तूरी मृग संरक्षणको सकारात्मक सन्देश प्रवाह हुने अपेक्षा राखिएको छ । साथै विद्यार्थीहरूले यस पुस्तकमा लेखेका लेख र सृजनाहरूले संरक्षणका लागि उनीहरूले चालेको पहिलो कदमका रूपमा पनि लिएका छौँ । यस प्रयासमार्फत उनीहरू जस्तै अन्य व्यक्तिले पनि कस्तूरी मृगलगायत वन्यजन्तुको संरक्षणका लागि पाइला चालेर वन्यजन्तु संरक्षणमा योगदान दिनेछन् भन्ने हाम्रो आशा र विश्वास हो ।

साथै, यो पुस्तक पढ्ने जोकोहीले वन्यजन्तु संरक्षणसम्बन्धी सकारात्मक ऊर्जा पाउँछन् भन्ने आशा छ ।

# हामी आभारी छौँ

यस बाल सृजनात्मक पुस्तकका लागि आफ्ना कथा, कविता, निबन्ध तथा चित्र उपलब्ध गराउने सम्पूर्ण विद्यार्थीप्रति आभारी छौँ । पढाइको समयलाई व्यवस्थित गरी कस्तूरी मृगसम्बन्धी सृजना गर्न प्रेरित गर्ने विद्यालय परिवारलगायत संलग्न सबैमा हार्दिक आभार तथा धन्यवाद छ ।

यस बाल सृजना तयार गर्ने क्रममा साथ र सहयोग दिने गोरखा जिल्लाका विद्यालयहरू- श्री बुद्ध माध्यमिक विद्यालय, फिलिम; श्री जनजागृति माध्यमिक विद्यालय, माछीखोला; श्री शृङ्गी हिमाली आधारभूत विद्यालय, जगत; श्री भवानी माध्यमिक विद्यालय, मान्बु; श्री नुब्री आधारभूत विद्यालय, गाप; श्री शक्ति माध्यमिक विद्यालय, पाटेचौर शक्तिचोक; श्री महेन्द्रज्योति माध्यमिक विद्यालय, दरबारमार्ग; श्री बालमन्दिर माध्यमिक विद्यालय, छहरे; मोर्डन सेकेन्डरी इङ्लिस बोर्डिङ स्कुल, हरामटारीका व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षिक-शिक्षकाप्रति कृतज्ञता व्यक्त गर्दछौँ । विद्यालयको समय व्यवस्थापन गरी कस्तूरी मृगसम्बन्धी सचेतना कार्यक्रम तथा बाल सृजनात्मक कार्यका लागि समय दिनुभएकोमा उहाँहरू सबैलाई हार्दिक धन्यवाद ।

गोरखा जिल्लाका विभिन्न विद्यालयहरूमा विद्यालय सचेतना कार्यक्रम र विद्यालयस्तरीय बाल सृजनात्मक कार्यक्रम सञ्चालन गर्न सहयोग गर्नुहुने अम्बिर प्रसाद तोलाङ, सुजन देशार, सरोज थापा, गोविन्द गुरुङ, श्याम कुमारी सारू, स्वेच्छा श्रेष्ठ र सपना खाइजुलाई पनि धेरै धेरै धन्यवाद ।

पुस्तकको सम्पादनमा सहयोग गर्नुहुने महेश्वर आचार्य र अंकुर श्रेष्ठप्रति पनि आभारी छौँ ।

पुस्तकको आवरण र पृष्ठ चित्रका लागि पोखरा वन विज्ञान अध्ययन संस्थान, पोखरामा अध्ययनरत बिनिता तिमिल्सिनाप्रति आभार प्रकट गर्न चाहन्छौँ ।

पुस्तकलाई यो रूपमा ल्याउन प्रत्यक्ष-परोक्ष सहयोग गर्नुहुने समस्त महानुभाव प्रति हामी आभारी छौँ ।

SMCRF
वि.सं. २०८० वैशाख महिना

# सृजना सूचि

| | |
|---|---|
| हाम्रो भनाई | i |
| हामी आभारी छौँ | ii |
| कस्तूरी मृग र यसको संरक्षण | १ |
| उः कस्तूरी मृगको संरक्षणमा लाग्यो | २ |
| क्याबात | ३ |
| कस्तूरीलाई पनि आफ्नो ज्यानको माया लाग्छ | ५ |
| कस्तूरी मृगको संरक्षणको शिक्षा पाए | ६ |
| कस्तूरी मृग संरक्षणको अठोट | ७ |
| संरक्षणको लागि एकजुट | ८ |
| कस्तूरी मृगको संरक्षण | १० |
| लोपोन्मुख कस्तूरी मृग र यसको संरक्षण | ११ |
| कस्तूरी मृग संरक्षणको आवश्यकता | १३ |
| कस्तूरी मृग संरक्षणमा कम्मर कसौँ | १४ |
| संरक्षण कस्तूरी मृगको | १५ |
| Musk deer and its fragnance | १६ |
| कस्तूरी मृग संरक्षणको महत्व | १७ |
| बल्ल बुझेँ | १८ |
| भावी पुस्ताको लागि कस्तूरी मृगको संरक्षण गरौँ | १९ |
| हिमालको मृग कस्तूरी | २० |
| The Himalayan Deer | २१ |
| कस्तूरी र यार्सागुम्बाको कथा | २२ |
| जोगाऔँ कस्तूरी मृग | २४ |
| ए कस्तूरी मृग | २५ |
| The Deer | २५ |
| कस्तूरी मृगको परिचय | २६ |

कस्तूरी मृग संरक्षणमा लाग्न आग्रह २७
सिकारी र कस्तूरी मृग २८
कस्तूरी मृग अनि यसको संरक्षण ३०
पलायो श्यामको बुद्धि ३१
शेर र शानाको अन्तिम न्यानो अँगालो ३३
आकर्षक कस्तूरी मृग ३५
प्रकृति र कस्तूरी मृग ३६
कस्तूरी मृगका कुरा ३६
कस्तूरी मृगबारे ३७
कस्तूरी मृगको संरक्षण गरौँ ३७
कस्तूरी मृगको जनचेतना ३८
कस्तूरी मृगको संरक्षणमा लागौँ ३८
Musk deer and It's Conservation ३९
Musk deer ४०
Protection of Musk deer ४०
कस्तूरी मृग संरक्षण हाम्रो दायित्व ४१
कस्तूरी मृग र पर्यापर्यटन ४२
कस्तूरी मृगबारे बुझौँ ४३
भावी पुस्ताका लागि कस्तूरी मृगको संरक्षण ४४
कस्तूरी मृगको जानकारी ४४




# कस्तूरी मृग र यसको संरक्षण

**रोजिना गुरुङ**, कक्षा : १०, श्री बुद्ध माध्यमिक विद्यालय

एकादेशमा एउटा ठुलो जङ्गल थियो । त्यो जङ्गलमा धेरै जीवजन्तुहरू बस्ने गर्थे । तीमध्ये कस्तूरी मृग पनि थियो । त्यो जीव प्रायः चिसो ठाउँमा बस्छ । यसको मुख्य खाना लेउ, झ्याउ र जडीबुटी हुन् । यसको कुकुर दाँत दाह्रा जस्तो लामो हुन्छ । यसको शरीर खैरो रौँले ढाकिएको हुन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अन्तर्गत यस जनावरलाई संरक्षित वन्यजन्तुको सूचीमा राखिएको छ । यसको लामो कान र छोटो पुच्छर हुन्छ । भाले कस्तूरी मृगको नाभिभन्दा मुनि बिना हुन्छ । यसका लागि नै सिकारीहरूले यसको सिकार गर्ने गर्दछन् । एक दिनको कुरा हो, दुई जना मान्छेले जङ्गलमा जाने क्रममा एउटा भाले कस्तूरी मृग भेटे । ती दुई जनामध्ये पनि एक घमन्डी तथा लोभी रहेछ र अर्को दयालु रहेछ । लोभी व्यक्तिले त्यो मृग मारौँ भन्यो तर अर्कोले यस्तो गर्नु हुँदैन भन्यो । तिमी त्यस्तो नराम्रो सोचविचार नलिऊ भनेर सम्झायो । हामीले यिनीहरूको संरक्षण पो गर्नुपर्छ । चोरी सिकारजस्ता अवैध धन्दाले हाल यसको सङ्ख्या घट्दै गएको छ । हामी मान्छे हौँ र मान्छे भएर सबैलाई प्रेम गर्नुपर्छ । यस्तो काम गर्नुपर्छ कि, समाजले हामीलाई चिनोस् र आफ्नो तथा देशको नाम अरूले राम्रो रूपमा चिनून् । अरू मान्छेहरूले नराम्रो काम गर्न खोजे भने सम्झाउनुपर्छ । त्यसैले जनावरलाई मार्न हामीले बन्द गर्नुपर्छ । यो हामी सबैको दायित्व हो ।

त्यसपछि अर्को साथीले पनि कुरा बुझ्यो र त्यस दिनदेखि संरक्षणमा लाग्ने प्रतिज्ञा गऱ्यो ।



चित्रकारको नाम : रिता गुरुङ
कक्षा : ८
श्री बुद्ध माध्यमिक विद्यालय

# ऊ कस्तूरी मृगको संरक्षणमा लाग्यो

**राज कुमारी गुरुङ, कक्षा : १०, श्री बुद्ध माध्यमिक विद्यालय**

एकादेशमा एउटा सुन्दर गाउँ थियो । त्यो गाउँका मानिसहरू अनुशासनमा बस्थे र कर्तव्यको पालना गर्थे । त्यो गाउँको नजिकै एउटा ठुलो जङ्गल थियो । त्यो जङ्गलमा शाकाहारी र मांसाहारी जनावरहरू बस्दथे । त्यहाँ एउटा राम्रो गुम्बा पनि थियो । त्यहाँका मानिस संस्कारी थिए । उनीहरूले आफ्नो धर्मशास्त्रमा लेखेका कुराहरूको पालना गर्थे । त्यही धर्मशास्त्रमा जङ्गली जनावरहरूलाई मार्न नहुने कुरा लेखिएको थियो । त्यहाँ कस्तूरी मृग, बाघ, भालु, खरायो, जरायोलगायत जङ्गली जनावरहरू थिए । ठाउँ पनि एकदम रमाइलो थियो । प्राइमरी तहसम्मको विद्यालय पनि थियो । ती गाउँलेले आफ्नो बालबच्चालाई त्यहीँ पढ्न पठाउँथे । त्यहाँ भएका जनावरलाई कसैले

नमार्ने भएकाले जनावरहरू बस्ती नजिकै बसोबास गर्थे । त्यो रमणीय गाउँ हेर्न पर्यटकहरू आउने गर्थे र तिनै पर्यटकबाट भएको आम्दानीले आफ्नो जीवनयापन गर्थे । त्यहाँका मानिसहरू खेती किसानी पनि गर्थे । त्यहाँका मानिसहरू धूमपान र मद्यपान पनि गर्दैनथे । गाउँलेहरू आपसमा सहयोग गर्थे । सबै गाउँले मिलेर वनजङ्गलका जनावरहरूसम्बन्धी नियम पनि बनाएका थिए । नियम पालना नगर्नेलाई सबैको सहमतिअनुसार सजाय दिइन्थ्यो । त्यो जङ्गल ठूलो र घना थियो । त्यहाँ एक प्रकारको कस्तूरी मृग पाइन्थ्यो । त्यसको नाम काली कस्तूरी थियो ।

एक दिनको कुरा हो, एउटा किसानले खेतबारीमा काम गर्दै गर्दा एउटा कस्तूरी मृग देख्यो । त्यहाँ अरू जनावर देखे पनि कस्तूरी मृग भने देख्न गाह्रो थियो । त्यहाँका मानिसलाई जनावरसम्बन्धी सम्पूर्ण जानकारी थियो । त्यो कस्तूरी मृगको दाँत कुकुरको जस्तो थियो । त्यसको शरीर खैरो थियो । कस्तूरी मृग देखेर त्यो मानिस हेरेकोहेऱ्यै भयो । उसको मनमा यसलाई मारेर बेच्न पाए निकै पैसा कमाउँथे भन्ने विचार आयो । उसले त्यो बेला आफ्नो गाउँको नियमबारे पनि सोचेन । उसले एउटा उपाय सोच्यो । त्यो कस्तूरीलाई जालमा फसायो । त्यसपछि कस्तूरी मारी बिना निकालेर त्यसलाई फालिदियो । त्यहाँको एक गाउँलेले कस्तूरी मृगको त्यस्तो अवस्था देख्यो र गाउँमा गएर सबै गाउँलेलाई भेला गरायो । त्यो हत्यारा चाहिँ कसैले नदेख्ने गरी घर गएर आफ्नो कपडाभित्र बिना लुकायो ।

उता गाउँलेले सल्लाह गरी पुलिसलाई खबर गरे । पुलिसले सबैको घरको खोजतलासी गऱ्यो । अन्तिममा उसको घरमा एउटा कपडाभित्र बिना फेला पऱ्यो । अनि उसले भन्यो, “माफ गरिदेऊ ।”

पुलिसले भन्यो, “यस्तो जघन्य अपराधमा माफी हुँदैन ।” त्यसपछि उसलाई पुलिसले समातेर लग्यो र १५ वर्षको कैद सजाय भयो । जेलबाट फर्केपछि उसले कस्तूरी मृगका बारेमा जनचेतना फैलाउन थाल्यो । विभिन्न कार्यक्रम मार्फत कस्तूरी मृगको संरक्षणमा लाग्न थाल्यो ।

अतः यस कथाबाट यो सन्देश पाइन्छ कि सबैले कस्तूरी मृगको संरक्षण गर्नुपर्छ । यो लोपोन्मुख जनावर हो । यसको संरक्षणमा सबै अघि सर्नुपर्छ । सबैलाई स्वतन्त्र भएर बाँच्न पाउने अधिकार छ ।

# क्याबात


**आस्था गुरुङ, कक्षा : १०, श्री बुद्ध माध्यमिक विद्यालय**

एकादेशमा एउटा ठूलो जङ्गल थियो । त्यो जङ्गलमा विभिन्न जीवजन्तु तथा अन्य जनावरहरू बस्दथे । तीमध्ये कस्तूरी मृग पनि एक थियो । यिनीहरू विशेषगरी हिमाली क्षेत्र, हिउँ पर्ने र चिसो हावापानी भएको ठाउँमा बस्दथे । यिनीहरूको आफ्नै परिवारहरू थिए । उनीहरू आफ्नो परिवार बीचमा रमाउँथे । यिनीहरूलाई नष्ट गर्ने मानिसहरू नै थिए । कस्तूरी मृगहरू आफ्नो सुरक्षाका लागि सिकारीबाट टाढा भाग्थे ।

त्यस्तै एक दिन, दुई जना मानिसहरू जङ्गलमा घुम्दै थिए । कस्तूरी मृग आफ्नो भोक मेट्न आहार खोज्दै हिँडेको थियो । त्यस वेला ती दुई जनाले मृगलाई देखे । दुई जनामध्ये एक जना सिकारी थियो र अर्को सहयोगी भावना भएको सबै जीवजन्तुप्रति माया गर्नुपर्छ र यिनीहरूलाई जोगाउनुपर्छ भन्ने भावनाको थियो । सिकारीले म यसको सिकार गर्छु भन्यो । फेरि सहयोगी भावना भएको मानिसले भन्यो, "हामीले यसलाई मार्न हुँदैन । यसको संरक्षण गर्नुपर्छ । जसरी हामीलाई हाम्रो शरीरको माया लाग्छ त्यसरी नै यिनीहरूलाई पनि आफ्नो शरीरको त्यति नै माया लाग्छ । त्यसैले यसलाई मार्न हुँदैन, यसको संरक्षण गर्नुपर्छ । हामीले कस्तूरी मृगलाई मार्‍यौँ भने यो प्राणीको सङ्ख्या घट्दै जान्छ । यिनीहरू लोप भए हाम्रा सन्ततिहरूले हेर्न पाउँदैनन् । जसरी हाम्रा पुर्खाहरूले यिनीहरूको संरक्षण गर्दै आएका थिए त्यसरी नै हामीले पनि संरक्षण गर्नुपर्छ । यिनीहरू लोप हुनुका कारण पनि हामी मानिस नै हौँ । हामीले गरेका अनावश्यक क्रियाकलापबाट नै कस्तूरी मृगहरू हराउँदै गए । हामीले वनजङ्गलमा जाँदा आगो लगाउने, चुरोट सेवन गरेर जताततै फाल्ने कार्यहरूबाट वन ढडेलो लागेर यिनीहरूको वासस्थान विनाश हुँदै गयो । त्यसैले हामीले यस्तो अनावश्यक क्रियाकलाप नगर्ने र यस्तो गलत सोच हटाउनुपर्छ ।" यसरी साथीलाई सम्झाउँदै बुझाउँदै घर फर्कायो ।

घर पुगेपछि साथीले फेरि भन्यो, "कस्तूरी मृगको सिकार गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिवाना र १५ वर्षसम्मको कैद सजायको व्यवस्था छ ।" त्यो सुनेपछि अर्को साथी झस्कियो र आफूले सिकार नगरेकोमा खुसी भयो । पहिलो साथीले फेरि भन्यो, "कस्तूरी मृग विशेषगरी १३ ओटा देशमा पाइन्छ । सिकारीहरूले सिकार गर्दै आएर यसको सङ्ख्या घट्दै गएको छ । त्यसैले हामीले बेलैमा सोचेर, बुझेर कस्तूरी मृग जोगाउन गाउँठाउँमा कस्तूरी मृगको संरक्षणसम्बन्धी जनचेतना फैलाउने काम गर्नुपर्छ । वनजङ्गलमा आगो लगाउनु हुँदैन, चुरोटको सेवन गरेर जताततै फाल्नु हुँदैन । परिवारका कुनै सदस्यले कस्तूरी मृग मार्न खोज्दा रोक्नुपर्छ । हाम्रो देश नेपालमा कस्तूरी मृग तथा अन्य जीवहरूको संरक्षण गर्न सक्यौँ भने विदेशी पर्यटकहरू घुमफिर गर्न आउँछन् । पर्यटकहरू आउनु भनेको हाम्रो देशको आम्दानी बढ्नु हो । यी जीवहरूको संरक्षणबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हामीलाई फाइदा हुने भएकाले यिनीहरूको संरक्षण गर्नुपर्छ । हामी चेतनशील मानिस भएको नाताले पहिला जेजति भए पनि अबदेखि यसको संरक्षण गर्नुपर्छ भनेर ती दुई जनाले गाउँठाउँमा गएर सूचना दिन थाले । सबै मानिसहरू यसबारे बुझेर संरक्षण कार्यमा जागरुक हुँदै गए ।

मानिस एक चेतनशील प्राणी हो । चेतनशील प्राणी भएको नाताले सबै जीवजन्तुहरूको संरक्षण गर्नु हाम्रो कर्तव्य हो । त्यसैले कस्तूरीको संरक्षण गर्नुपर्छ भन्ने सन्देश यस कथाबाट प्राप्त हुन्छ ।




चित्रकारको नाम : धन प्रसाद गुरुङ
कक्षा : ८
श्री भवानी माध्यमिक विद्यालय

# कस्तूरीलाई पनि आफ्नो ज्यानको माया लाग्छ

**लालमायाँ लामा, कक्षा : १०, श्री बुद्ध माध्यमिक विद्यालय**

एकादेशको कथा हो, कुनै ठूलो जङ्गलमा कस्तूरी मृगहरूको वासस्थान थियो । तिनीहरू आफ्नो छुट्टै संसारमा रमाइरहेका थिए । जङ्गलको बीचमा एउटा गुफा पनि थियो । त्यही गुफाभित्र कस्तूरी मृगहरू मिलेर बस्दथे । दिनभरि आफ्नो आहारा खाएर बस्थे । कहिले भिरपाखामा हिँडेर घाँस खान्थे । रात परेपछि त्यही गुफामा आएर बस्थे । त्यसरी नै उनीहरूको जीविका चलिरहेको थियो । एक दिन त्यही जङ्गलमा एउटा सिकारी आएको थियो । सिकारी जङ्गलमा कस्तूरी मृगलाई मार्न आएको थियो । सिकारीले कस्तूरी मृग खोज्दै हिँडिरहेको क्रममा कस्तूरी मृगलाई देख्यो । देख्नेबित्तिकै गोली हान्न खोज्यो तर कस्तूरी मृग सिकारीका नजिकमा आएर आँखाबाट आँसु झारेर रुन थाल्यो । कस्तो अचम्म ! अहिलेसम्म यस्तो जनावर देखेको थिइनँ भनेर बन्दुक भुइँमा राखेर मृगलाई हेर्दै बस्यो । मृगलाई यस्तो अवस्थामा देखेर सिकारीको मन बदलियो । त्यस दिनदेखि सिकारीले सिकार गर्न पनि छोड्यो । उसले मान्छे मात्र नभएर सबै जनावरहरूलाई पनि आफ्नो ज्यानको माया लाग्दो रहेछ भनेर कुरा बुझ्यो ।

# कस्तूरी मृगको संरक्षणको शिक्षा पाए

**आश माया गुरुङ, कक्षा : १०, श्री बुद्ध माध्यमिक विद्यालय**

एकादेशमा एउटा ठूलो घना जङ्गल थियो । त्यो जङ्गलभित्र विभिन्न प्रकारका जीवजन्तुहरू पाइन्थे । ती जीवजन्तुमध्ये कस्तूरी मृग पनि एक थियो । कस्तूरी मृगको भालेमा कुकुर दाँत लामो हुन्छ र बिना पनि हुन्छ । यो जीव कम देशमा मात्र पाइन्छ । कस्तूरी मृग हिमाली क्षेत्रमा पाइन्छ । कस्तूरी मृगको पनि आफ्नो परिवार हुन्छ र मानिस जस्तै दुःख र सुख महसुस गर्दछन् ।

एक दिनको कुरा हो, पोथी कस्तूरी मृग आफ्ना बालबच्चाहरू सँगै आहारा खोज्दै हिँडेकी थिइन् । गाउँका दुई मानिस पनि कस्तूरी मृगको सिकार गर्ने भनेर गइरहेका थिए । यसरी ती दुई जना मानिस र कस्तूरी मृगको भेट हुन लाग्दा पोथी कस्तूरी मृगले मान्छेको गन्ध थाहा पाइन् र आफ्ना बालबच्चा लिएर त्यहाँबाट टाढा भाग्न थालिन् । अनि ती दुई जना मानिस कस्तूरी मृगको खुट्टाको छाप हेर्दै हेर्दै गए । यसरी हेर्दै जाँदा कस्तूरी मृगको वासस्थानमा पुगे अनि ती दुई जना मानिस एकदमै खुसी भए । वासस्थानमा धेरै कस्तूरी मृगहरू थिए । अनि दुई जना मानिसले बन्दुक निकाले र कस्तूरी मृगलाई गोली हाने । ती धेरै कस्तूरी मृगमध्ये दुई वटालाई गोली लाग्यो । अरू कस्तूरी मृगहरू भागे । ती मानिसहरू खुशी भए तर कस्तूरी मृगको परिवार एकदमै दुःखी भयो । अनि तिनीहरू कस्तूरी मृगको दाँत र बिना निकालेर गाउँमा फर्के अनि विना बोकेर सहरतिर लागे ।

सहरमा पुगेपछि उनीहरूको नौलो मान्छेसँग भेट भयो । त्यो नौलो मान्छे पुलिस रहेछ तर ती दुवैलाई त्यो नौलो मान्छेका बारेमा थाहा थिएन । अनि उनीहरूले त्यो नौलो मान्छेलाई सोधे, "नमस्कार, तपाईं केही व्यापार गर्नुहुन्छ ?" नौलो मान्छेले भन्यो, "अँ म व्यापार गर्छु । तपाईंहरूसँग के छ र त्यस्तो ?" अनि तिनीहरूले कस्तूरी मृगको बिना र दाँत निकालेर त्यो नौलो मान्छेलाई देखाइदिए । अनि त्यो नौलो मान्छेले थाहा पायो कि यी सिकारीहरू रहेछन् भनेर । पुलिसले भन्यो, "हुन्छ यो म लिन्छु । मेरो घरमा पैसा लिन जाऔँ ।" उसको कुरा पत्याएर तिनीहरू जाँदा पुलिसको थानामा पुगे । अनि एकदम अचम्ममा परे । हामीलाई किन यसरी थुनेको भने । पुलिसले भन्यो, "अब तिमीहरूले ठूलो सजाय भोग्नुपर्छ । तिमीहरूले संरक्षित जनावरको अवैध सिकार गरेका छौ ।"

अनि तिनीहरूलाई १५ वर्षको कैद सजाय भयो । त्यो कुरा उनीहरूको परिवारले थाहा पाएपछि धेरै दुःखी भए । अनि यो सजायको कुराबारे गाउँका सबै मानिसहरूले पनि थाहा पाए । अनि ती सिकारीले पनि यस्तो जनावरहरूको सिकार गर्नु हुँदैन रहेछ, जसरी मलाई दुःख परेको छ त्यो कस्तूरी मृगको परिवारलाई पनि यसरी नै दुःख हुँदो रहेछ । अनि अबदेखि जनावरहरूको विनाश होइन, संरक्षण गर्नुपर्छ भनेर थाहा पाए ।

यस कथाले हामीले सबै जीवजन्तुहरूलाई संरक्षण गर्नुपर्दछ, कुनै पनि जीवजन्तुको सिकार गर्नु हुँदैन भनेर सन्देश दिन्छ ।

# कस्तूरी मृग संरक्षणको अठोट

**सुन माया गुरुङ**, कक्षा : १०, श्री बुद्ध माध्यमिक विद्यालय

एकादेशमा एउटा ठूलो जङ्गल थियो । त्यो जङ्गल धेरै जीवजन्तुहरूको वासस्थान थियो । धेरै जीवजन्तुहरूमध्ये कस्तूरी मृग पनि त्यहाँ रमाएर बसेका थिए । कस्तूरी मृगहरूबीच पनि घनिष्ट सम्बन्ध थियो । जङ्गलमा घाँसपात खाएर बस्थे । कस्तूरी मृग प्रायः चिसो ठाउँमा पाइन्छ । यसको कुकुर दाँत लामो हुन्छ । शरीर बाक्लो रौँले ढाकिएको हुन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अन्तर्गत यस जनावरलाई संरक्षित वन्यजन्तुको सूचीमा राखिएको छ । यो कस्तूरी मृग २,५०० मिटरदेखि माथिको भेगमा पाइन्छ । यसको लामो कान र छोटो पुच्छर हुन्छ । यसको बिना सुगन्धित हुन्छ र यसका लागि नै सिकारीहरूले सिकार गर्ने गर्दछन् ।

एक दिनको कुरा हो, दुई जना मानिस विभिन्न किसिमका जीवजन्तुहरू हेर्नका लागि वनजङ्गलमा प्रवेश गरेका थिए । एउटा मानिस सिकारी र अर्को मान्छे चाहिँ सहयोगी भावना भएको जीवजन्तु देखेर मायादया देखाउने मानिस थियो । जब सिकारीले कस्तूरी मृगलाई मार्न खोज्यो सहयोगी भावना भएको मान्छेले रोक्यो र भन्यो, "हामी चेतनशील प्राणी हौँ । हामी आफूलाई आफ्नो शरीरको जति माया लाग्छ मृगलाई पनि त्यस्तै नै आफ्नो ज्यानको माया लाग्छ । नेपालको सर्वोच्च सगरमाथा क्षेत्र, लाङटाङको माथिल्लो भेग, हुँदै सुदूरपश्चिमको खप्तड राष्ट्रिय निकुञ्जसम्म कस्तूरी मृग पाइन्छ । आजभोलि सिकारीहरूले गर्दा कस्तूरी मृगको सङ्ख्या घट्दै गएको छ । यस्तो गर्नुको सट्टा आफूले गाउँघरमा कुनै आयमूलक काम गर्न सक्यौ भने देशको अर्थतन्त्र पनि बढ्न सक्थ्यो । तर पनि मानिसले आफ्नो स्वार्थका लागि त्यस्तो गर्छन् । यदि मानिसले मिहिनेत गरेर काम गर्न सक्यो भने आवश्यक मिहिनेतको फल सफल हुन्छ । उनीहरूलाई संरक्षण गर्न सक्यौ र पछि गएर होटल खोल्यौ भने त्यही कस्तूरी मृग र विभिन्न किसिमका जनावर साथै थरीथरीका चराचुरुङ्गी हेर्न आउने पर्यटकहरू त्यही होटेलमा वास बस्न आउँछन् । त्यही मिहिनेतका कारणले गर्दा आयआर्जनको स्रोत वृद्धि हुन्छ । हामी सब एकजुट भएर यसको संरक्षण गर्न सक्यौँ भने कस्तूरी मृग लोप हुँदैनथ्यो । जो मान्छेले कस्तूरी मृग मार्छ वा घाइते बनाउँछ त्यस्तो मान्छेलाई १५ वर्षसम्म कैद र ५० हजारदेखि एक लाख रुपैयाँसम्मको जरिवाना नेपाल सरकारले गर्दछ ।" त्यो कुरा सुनेर सिकारीले भन्यो, "तिमीले भनेको कुरा ठीक हो । बरु म गलत रहेछु ।"

त्यसपछि सिकारी सिकार नगरी अबदेखि संरक्षणमा लाग्ने अठोटका साथ जङ्गलबाट फर्कियो ।




# संरक्षणको लागि एकजुट

**युवराज राई,** कक्षा : १०, श्री बुद्ध माध्यमिक विद्यालय

धेरै वर्ष पहिलेको कुरा हो। कुनै एउटा गाउँ थियो। त्यो गाउँ नेपालको उत्तरी हिमाली भेगमा थियो। त्यो गाउँ एकदमै राम्रो र रमाइलो थियो। त्यस गाउँमा धेरै मानिसहरू बस्थे। त्यहाँ बसोबास गर्ने मानिस कोही लामा, शेर्पा, तामाङ आदि जातिका थिए। त्यो गाउँमा विकास तथा यातायातका सवारीसाधन पनि पुगेका थिएनन्। त्यहाँका मानिसहरू अशिक्षित थिए। त्यहाँका मानिस अशिक्षित भए तापनि उनीहरू बेरोजगार भने थिएनन्। उनीहरू आफ्नो घरवरिपरि भएका जग्गामा खेतीपाती गर्थे। सिजन चलेको बेलामा उनीहरू जडीबुटीहरू खन्न जान्थे। त्यही जडीबुटीबाट पनि कमाइ गर्थे। हिमाली भेगको काखमा पर्ने हुनाले त्यहाँ विभिन्न किसिमका जडीबुटीहरू, जीवजन्तुहरू र विभिन्न किसिमका चराचुरुङ्गीहरू पाइन्थे। त्यहाँको वातावरणीय सुन्दरता निकै रमणीय, घुम्नलायक र मन लोभ्याउने खालको थियो। त्यहाँ उत्तरतिर हिमाल थियो। जेठ, असारतिर त्यहाँका मानिस यार्सागुम्बा टिप्न लेकतिर जान्थे। यार्सागुम्बा टिप्न जाने क्रममा त्यहाँ विभिन्न किसिमका जनावर, जडीबुटी, चराचुरुङ्गीहरू देख्न सकिन्थ्यो। त्यतिबेला सबै जनावरहरू धेरै मात्रामा पाइन्थ्यो। त्यो समयमा कस्तूरी मृगको सङ्ख्या पनि धेरै नै थियो। बिस्तारै त्यस गाउँमा पनि विकासका कार्यहरू अनियन्त्रित

रूपमा हुन थाले । विकासका कार्यहरू जस्तै, खानेपानी, बाटोघाटो, पुल, सडक जस्ता विकासका कार्यहरू हुन थाले । त्यसपछि गाउँघरमा बच्चाहरूलाई विद्यालय निर्माण गरियो भने त्यहाँका अभिभावकलाई समेत प्रौढ शिक्षाको व्यवस्था गरियो । बिस्तारै गाउँका बालबालिका मात्र नभई अभिभावकहरू पनि शिक्षित हुन थाले । त्यस गाउँमा पनि सहरमा जस्तै घर, खानेपानी, विद्यालय लगायत विभिन्न प्रकारका विकास कार्यहरू हुँदै गए । बिस्तारै सडक यातायातका साधनहरू पनि तीव्र गतिमा भित्रँदै गए । यस प्रकारको विकास कार्यले त्यो गाउँको प्राकृतिक सुन्दरतामा भने ह्रास हुन पुग्यो । जस्तै, बाटो निर्माणका लागि बम विस्फोटका कारणले त्यहाँ वरिपरि बस्ने जीवजन्तुहरू बमको आवाजले तर्सने र केही जनावर मर्न थाले । त्यसपछि जनावरहरू मर्ने त मरे, नमरेका जनावरहरू भने त्यो गाउँवरिपरि रहन मानेनन् । बिस्तारै बिस्तारै जनावरहरू गाउँबाट धेरै टाढा गए ।

त्यसपछि त्यो गाउँमा यातायातका साधनहरू एकपछि अर्को गर्दै आउन थाले । त्यहाँ यातायातको सुविधा भएकाले विभिन्न ठाउँका मानिसहरू आउँथे । यो क्रम बढ्दै जाँदा गाउँघरमा चोरीडकैती जस्ता विकृतिहरू आउन थाले । यति मात्र नभई त्यहाँ घुम्न र कामको खोजीमा आउने मानिसहरूले पनि जडीबुटी टिप्ने, चोरी सिकार गर्न थाले । मानिसहरूले जडीबुटी मात्र नभई विभिन्न जीवजनावरको सिकार गर्न थाले । यसरी सिकार गर्ने क्रममा कस्तूरी मृग, भालु, हिमचितुवा, थार, झारल, घोरल जस्ता जनावरहरूको सङ्ख्या घट्दै गयो । यो क्रम बढ्दै गयो । गाउँघरमा जनावर र चराचुरुङ्गीहरू पहिलेको सङ्ख्याभन्दा धेरै मात्रामा घट्न पुगे । यो कुरा गाउँलेले बिस्तारै बुझ्दै गए । गाउँलेहरूले बेलैमा वास्ता नगर्नाले कस्तूरी मृग लगायत विभिन्न जनावरहरू समेत लोप हुँदै गए । त्यसपछि गाउँलेहरूले ती सिकारीहरूलाई रङ्गेहात समातेर कडाभन्दा कडा सजाय दिने निर्णय गरे ।

त्यसपछि केही दिनमा चोरी सिकार गर्न त्यस गाउँमा सिकारीहरू आए । गाउँलेहरूले पनि वास दिए अनि ती सिकारीहरू रातको समयमा चोरी सिकार गर्न जान्थे । त्यो समयमा गाउँका मानिसहरू रातभर एकजुट भएर जागा बसे । गाउँलेहरू ती मानिस बसेको घरवरिपरि लुकेर बसे । केही समयपछि मानिसहरू अरू जनावरहरू बोकेर घरभित्र पसे । उनीहरूको काम भने गाउँलेले स्पष्ट देखिरहेका थिए । ती सिकारीहरू घरमा पस्नासाथ गाउँका मानिसले घरको ढोकामा बाहिरबाट चुकुल लगाइदिए । अनि तुरुन्तै पुलिसलाई फोन गरे । फोन गरेको केही समयमै पुलिस आयो । अनि ती सिकारीहरूलाई कडाभन्दा कडा सजाय दिलाए । ती सिकारी प्रत्येकलाई एक लाख रुपैयाँ जरिवाना र १५ वर्षसम्मको जेल सजाय भयो । त्यसपछि त्यस गाउँका मानिसहरूले वन संरक्षण समिति गठन गरे । त्यसपछि गाउँमा आएका नयाँ-नौलो मानिसहरूलाई सोधपुछ गर्छन् ।

सबै गाउँका मानिसहरू अहिले पनि एकजुट भएरै वनमा भएका चराचुरुङ्गी, कस्तूरी मृग, जडीबुटी लगायत अरू जनावरहरूको पनि संरक्षण गर्छन् ।

त्यसैले गाउँमा जस्तोसुकै परिस्थिति आए पनि गाउँले मानिसहरू एकजुट भए भने जस्तोसुकै कठोर परिस्थिति पार गर्न सकिन्छ ।




# कस्तूरी मृगको संरक्षण

**रिजा गुरुङ, कक्षा : ९, श्री बुद्ध माध्यमिक विद्यालय**

कस्तूरी मृग एक जङ्गली जनावर हो । यिनीहरूको आफ्नै विशेषता र गुण छ । विशेष गरी कस्तूरी मृगका बाक्ला भुत्ला र मुखमा माथिबाट दुई लामा दाह्रा पलाएको हुन्छ । यसको पछाडिको खुट्टा अगाडिको भन्दा लामो हुन्छ । कस्तूरी नेपालका हिमाली क्षेत्रमा पाइन्छ । यो २,५०० मिटर उचाइदेखि ४,३०० मिटरसम्म पाइन्छ ।

पृथ्वीमा पाइने करोडौँ जनावरहरूमध्ये कस्तूरी मृग पनि एक लोपोन्मुख जनावर हो । यी कस्तूरी हिमाली क्षेत्रमा पाइने लेउ, झ्याउ, कलिलो घाँसपात खाने गर्दछन् । विगतको तुलनामा कस्तूरी मृगको सङ्ख्या घट्दै गएको छ । पृथ्वीमा जलवायु परिवर्तन र असन्तुलित वातावरण बढ्दै गएको कारणले जनावरको जीवनमा नकारात्मक प्रभाव भई सङ्ख्या घट्दै गएको देखिन्छ ।

त्यसैगरी मानवले पनि कस्तूरी मृगको सिकार गरेको देखिन्छ । अवैध सिकारको कारण कस्तूरी मृग लोप हुँदै गएको छ । यसको सङ्ख्या नेपालमा मात्रै नभई विश्वबाटै घटदै गएको छ । यसैगरी मानिसले आफ्ना आवश्यकताहरू पूरा गर्न जथाभावी वनजङ्गल फँडानी र वातावरण प्रदूषित बनाउँदा पनि यसको प्रभाव पर्न जान्छ । यसकारणले यसको संरक्षण गर्न जरुरी छ ।

पृथ्वीमा भएका हरेक प्राणीको संरक्षण र जगेर्ना गर्नु मानवको दायित्व र कर्तव्य हो । मानव एक सर्वश्रेष्ठ प्राणी हो । सबैको संरक्षण र जोगाउन सक्ने क्षमता मानवमा रहेको हुन्छ । यिनीहरूको संरक्षणका लागि सरकारी तथा गैरसरकारीतर्फबाट विभिन्न नीति, नियम, ऐन र दफा बनाएका छन् ।

तर विडम्बनाको कुरा सबै खाली कागजमा मात्रै सिमित रहन पुगेको छ । संरक्षण गर्ने संरक्षक र नीति, नियम र कानुन बनाउने कानुनविद् नै एकदुई पैसाको लोभले आफूले बनाएको नियम विपरीत काम गरिरहेका पाइन्छ । यसैगरी यसको संरक्षण गर्न भनेर विभिन्न क्षेत्रमा संरक्षण क्षेत्र, निकुञ्ज र आरक्षण क्षेत्र बनाइएको हुन्छ । तर पनि त्यही क्षेत्रभित्र पनि अवैध तस्करी भइरहेको पाइन्छ । यसको मुख्य कारण नै शिक्षा र चेतनाको अभाव हो । त्यसकारण यसको संरक्षणका लागि माथिल्लो सरकारीदेखि स्थानीय सरकारी तहसम्ममा राम्रो शिक्षाको ज्ञान उपलब्ध गराउनुपर्ने देखिन्छ । विभिन्न प्रकारका जनावरका बारेमा पुस्तकहरू प्रकाशन गरी बजारमा उपलब्ध गराउनुपर्छ । त्यसैगरी विद्यालय तहदेखि यीसम्बन्धी सामान्य ज्ञान वा जानकारी गराउनुपर्छ । सरकारले यस्ता अवैध तस्करी गर्ने तस्करहरूलाई कडाभन्दा कडा कानुनी सजाय दिनुपर्छ । जसले अवैध तस्करी गर्छ त्यस्तो व्यक्तिलाई सर्वस्वहरणसहित कैदको व्यवस्था गनुपर्छ ।

आफू पनि बाँचौं र अरूलाई नि बचाऔं भन्ने भावनाका साथ कस्तूरी मृगको संरक्षण गरौं ।

# लोपोन्मुख कस्तूरी मृग र यसको संरक्षण

**आर्यन भट्ट, कक्षा : ९, श्री बुद्ध माध्यमिक विद्यालय**

करिब दश वर्षअगाडिको कुरो हो, छेकम्पारमा नेरू नामक एउटा सुन्दर गाउँ थियो । त्यसै गाउँको आडमा ठूलो र घना जङ्गल पनि थियो । त्यहाँ स्याल, कस्तूरी मृग, हिमचितुवा, भालुलगायत थुप्रै जनावरहरूको वासस्थान थियो । तीमध्ये कस्तूरी मृग पनि एक थियो । कस्तूरी मृगहरू सधैं समूहमा बस्दथे । खाना खान जाँदा पनि सबै सँगै जान्थे । यिनीहरू २,५०० मिटरदेखि ४,३०० मिटरसम्मको उचाइमा पाइन्छन् । कस्तूरी मृगहरू एक दिन बिहान गाउँको नजिकै घाँस चर्न आएका थिए । त्यहाँ चर्न आएको बेलामा एउटा गाउँलेले त्यस मृगको समूहलाई देख्यो । उसले दौडँदै घर गएर आफ्नो बन्दुक ल्यायो । उसले बन्दुकको सहायताले कस्तूरी मृगको समूहमा दुईवटा बच्चा र एउटा ठूलो कस्तूरी मृग मार्‍यो । त्यसपछि कस्तूरी मृगको समूह त्यहाँबाट पर गयो र तिनीहरूले आफ्नो वासस्थान त्याग गरे । कस्तूरी मृगको दिनचर्या बिस्तारै बित्दै गयो । एक दिन मानिसको कारणले गर्दा ती मृगहरू बसेको जङ्गलमा आगलागी भयो । त्यतिबेला पनि थुप्रै कस्तूरी मृगहरूले आफ्नो ज्यान गुमाए । त्यस कस्तूरी मृगको समूहले ४,००० मिटरको उचाइमा फेरि आफ्नो वासस्थान निर्धारण गर्‍यो । यहाँ तिनीहरूको सङ्ख्या फेरि बिस्तारै वृद्धि हुँदै गयो । एक दिन फेरि अचानक त्यहाँ एउटा हिमचितुवा आइपुग्यो । त्यसले दुईवटा कस्तूरी मृगको सिकार गर्‍यो । त्यहाँ अरू मृगहरू भाग्न सफल भए तापनि दुईवटा मृग चितुवाको आहारा बने ।

विश्वमा पाइने सात प्रजातिका कस्तूरी मृगहरूमध्ये नेपालमा दुई प्रजातिका कस्तूरी मृगहरू




पाइन्छन् । विनाको सुगन्धको प्रयोग गरी भाले र पोथी भेट हुन्छन् । यो कस्तूरी मृग एसियाको जम्मा १३ वटा देशमा मात्र पाइन्छ ।

कस्तूरी मृगहरूले यसरी नै आफ्नो सङ्घर्षमय जीवन बिताइरहेका छन् । त्यसैकारण विश्वमा लोप हुन लागेका छन् । यसको सबैभन्दा ठूलो शत्रु नै मानिस हो । यिनीहरू भेडा र च्याङ्ग्राभन्दा साना हुन्छन् ।

यिनीहरूको तौल १७ केजी वा सोभन्दा कम हुन्छ । यो शाकाहारी जनावर हो । यसले लेउ, घाँस, रूखका बोक्रा, फूल आदि खान्छ । हामीले यसको संरक्षणमा जोड दिनुपर्छ । कस्तूरी मृगलाई सङ्कटापन्न वन्यजन्तुको सूचीमा राखिएको छ । कस्तूरी मृगको संरक्षण हामीले धेरै तरिकाबाट गर्न सक्छौँ । यसको वासस्थानलाई मानवीय अतिक्रमणबाट जोगाउनुपर्छ । कसैले यसको चोरी सिकार गरेको थाहा पाएमा नजिकैको प्रहरी चौकी वा राष्ट्रिय निकुञ्जलाई जानकारी गराउनुपर्छ । कस्तूरी मृगसम्बन्धी जनचेतना फैलाउनुपर्छ । कस्तूरी मृग लजालु हुन्छन् र यिनीहरू बिहान र बेलुकी मात्र सक्रिय रहन्छन् । यसको संरक्षणका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐनले पनि २०२९ मा कस्तूरी मृगलाई संरक्षित जनावरको सूचीमा राखेको छ र यसको सिकार गर्न निषेध गरिएको छ । कुनै पनि व्यक्तिले कस्तूरी मृगको सिकार गरेमा वा घाइते बनाएमा वा यसका अङ्गहरूको ओसारपसार गरेमा पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना र पाँच वर्षदेखि १५ वर्षसम्म कैदमा राखिनेछ । त्यो अघि कस्तूरी मृगको सिकार गर्ने मानिसले पनि १५ वर्ष जेल र एक लाख रुपैयाँ जरिवाना तिरेर सजाय भोग्नुपर्‍यो ।

अहिले त्यस ठाउँमा आगलागी र सिकार नगरेको भए त्यहाँ छुट्टै वातावरण हुन्थ्यो होला । त्यहाँ धेरै पर्यटकहरू घुम्न तथा मनोरम वातावरणको अवलोकन गर्न आउँथे । अहिले त्यहाँका मानिसहरूका छोरा, नातिले कस्तूरी मृग कस्तो हुन्छ भनेर सोध्ने गर्छन् । उनीहरूले मात्र फोटोमा कस्तूरी मृग हेर्न पाएका छन् । त्यहाँको आर्थिक तथा सामाजिक अवस्थामा समेत गम्भीर प्रभाव पारेको छ । कस्तूरी मृगले पारिस्थितिक प्रणालीमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । साथै मांसाहारी जनावरहरूले पनि यसको सिकार गर्छन् । कस्तूरी मृगले मांसाहारी जनावरहरू जस्तै हिमचितुवा, भालु, स्याल आदिलाई आहारा प्रदान गरी तिनीहरूको अस्तित्व कायम रहन मद्धत गर्छ ।

त्यसैले हामीले जानी-नजानीकन कस्तूरी मृग लगायत अन्य कुनै पनि लोप हुन लागेका जनावर हरूको सिकार गर्नु हुँदैन ।

# कस्तूरी मृग संरक्षणको आवश्यकता

**लाल माया गुरुङ**, कक्षा : ८, श्री बुद्ध माध्यमिक विद्यालय

कस्तूरी मृग सात प्रजातिका हुन्छन् । कस्तूरी मृग अत्यन्तै चिसो ठाउँ हिमालमा बस्छ । मृगको शरीर बाक्लो रौँले ढाकेको हुन्छ । यो हाम्रो देश नेपाल लगायत १३ ओटा देशहरूमा पाइन्छ । यो घाँस खाएर बाँच्दछ । हिउँचितुवा जस्ता जनावरले मृगलाई सिकार गर्छन् । मानिसको क्रियाकलापका कारण यसको वासस्थानमा क्षति पुगेको छ । मानिसले वनजङ्गलमा घरपालुवा पशु चराउनाले यसको वासस्थान सङ्कटमा परेको हो । कस्तूरी मृग हाम्रो देशलाई चिनाउने एउटा चिनारी हो । आजभोलि विभिन्न कारणले गर्दा यसको सङ्ख्या कम हुँदै छ । मानिसले यसलाई सिकार गरेको पनि देखिन्छ । संरक्षण गर्नुपर्छ भनी थाहा पाउँदा पनि लुकिछिपी सिकार गरेको पाइन्छ । यी हाम्रो देशका गहना हुन् । यसको सङ्ख्या कमीले गर्दा हिउँचितुवा जस्ता महत्वपूर्ण जनावरको आहारामा पनि कमी आउन सक्छ । हाम्रा पछिका सन्ततिका लागि समेत कस्तूरी मृगको संरक्षण गर्नुपर्छ ।




# कस्तूरी मृग संरक्षणमा कम्मर कसौं

**तेन्जिन लामा**, कक्षा : ९, श्री बुद्ध माध्यमिक विद्यालय

नेपालको पूर्वी भेग कञ्चनजङ्घा संरक्षित क्षेत्रदेखि सगरमाथा, लाङटाङको माथिल्लो भेग हुँदै सुदूरपश्चिमको खप्तड राष्ट्रिय निकुञ्जमा पाइने कस्तूरी मृग २,३०० मिटरको उचाइदेखि पाइन्छ। कस्तूरी मृगको शरीर खैरो रङ्गको हुन्छ । यसको शरीर बाक्लो रौंले ढाकिएको हुन्छ । यसको सिङ हुँदैन तर भाले कस्तूरी मृगको एक जोडा दाह्रा हुन्छ । यसको छोटो पुच्छर हुन्छ । भाले कस्तूरीको उमेर तीन वर्ष भएपछि यसमा विना निर्माण हुन थाल्दछ । वयस्क भालेको शरीरमा ३०-४० ग्राम विना हुन्छ जुन सुगन्धित हुन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अन्तर्गत यस जनावरलाई संरक्षित वन्युजन्तुको सूचीमा राखिएको छ ।

त्यसैकारण कस्तूरी मृगको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कस्तूरी मृग उच्च हिमाली भेगमा पाइन्छ र मानवजन्य गतिविधिका कारणले खतरामा रहेको छ । हिमाली भेगमा बस्ने सबै जनालाई कस्तूरी मृगका बारेमा जानकारी दिनुपर्छ र सचेतना कार्यक्रमहरू सञ्चालन गरी कस्तूरीको संरक्षण गर्न सकिन्छ । यी लोपोन्मुख जनावरको संरक्षणका लागि ठाउँ ठाउँमा संरक्षणसम्बन्धी शिक्षा दिनु आवश्यक देखिन्छ । लोपोन्मुख जनावरहरूलाई बेलैमा संरक्षण गरेमा पक्कै पनि यसको संरक्षण हुन्छ । यसको चोरी नियन्त्रण गर्न अस्थायी प्रकारका चौकीको स्थापना गर्न सकिन्छ । चोरी सिकारीसम्बन्धी जानकारी दिनेलाई पुरस्कारको समेत व्यवस्था गनुपर्छ । माथि उल्लिखित कुरामा सबैले ध्यान दिन सके भने भावी पिढीले समेत देख्न पाउँछ । त्यसैले आजैबाट यसको संरक्षणतर्फ हामी सबै कम्मर कसेर लाग्न जरुरी छ ।

# संरक्षण कस्तूरी मृगको

**ङवाङ ठिले लामा,** कक्षा : ९, श्री बुद्ध माध्यमिक विद्यालय

पूर्वी कञ्चनजङ्घा संरक्षण क्षेत्रदेखि सुदुरपश्चिमको खप्तड राष्ट्रिय निकुञ्ज रहेको ठाउँसम्म कस्तूरी मृग पाउन सकिन्छ । त्यसैगरी विश्वमा सात प्रजातिका कस्तूरी मृगहरू पाइन्छन् । नेपालमा दुई प्रजातिका पाइन्छन् । कस्तूरीको बिना भाले कस्तूरीको नाभिभन्दा माथि रहेको हुन्छ । यिनीहरूले बिना प्रयोग गरेर आफ्नो वासस्थान निर्धारण गर्ने गर्दछन् । यिनीहरू च्याङ्ग्राभन्दा साना हुन्छन् र शरीर बाक्ला रौंले ढाकेको हुन्छ । जसले यिनीहरूको शरीरलाई न्यानो बनाई राख्दछ । यिनीहरूको सिङ हुँदैन, कान लामा लामा हुन्छन् । यिनीहरूको पुच्छर अत्यन्तै छोटो हुने भएकाले राम्रोसँग नदेखिने हुन्छ । यिनीहरूको पछाडिका खुट्टा अगाडिका भन्दा लामा हुन्छन् । हिजोआज मानवजन्य नराम्रा क्रियाकलाप जस्तै, चोरी सिकार, गाईवस्तु चरन क्षेत्र बनाउँदा, वनमा आगलागी तथा घरघरमा पालिने कुकुरहरूको कारण कस्तूरी मृगको सङ्ख्यामा ह्रास आइरहेको छ । खासगरी नेपाल, भारत, भुटान गरी १३ वटा देशमा मात्र पाइन्छन् । यिनीहरू नेपालको हिमाली क्षेत्रको २,५०० देखि ४,३०० मिटरसम्मको उचाइमा पाइन्छन् । कस्तूरी मृग दिनानुदिन लोप भइरहेका छन् । त्यसैले यस्तो हुन नदिन र आगामी पुस्तालाई कस्तूरी मृगका बारेमा जानकारी समेत दिन यो जनावरको संरक्षण गर्नु नितान्त आवश्यक देखिन्छ ।

**यसको संरक्षण गर्न निम्न कुराहरूमा ध्यान दिनुपर्दछः**

१) जङ्गल फँडानीमा प्रतिबन्ध लगाउने तथा चोरी सिकारमा नियम अनुसार कारबाही गर्नुपर्छ ।

२) कानुनविपरीत कार्य गरेमा प्रहरी चौकीमा बुझाउने । संरक्षणसम्बन्धी शैक्षिक कार्यक्रम गराउने तथा आगलागी वा डढेलोबाट कस्तूरी मृगको वासस्थानलाई जोगाउने ।

उल्लिखित कार्यहरू गर्दै जाने हो भने लोपोन्मुख कस्तूरी मृगको संरक्षण गरी लोप हुनबाट जोगाउन सकिन्छ । त्यसैले आजैबाट हामी उत्साहित भई यस्ता कार्यमा लाग्ने हो भने पक्कै पनि यसको संरक्षण हुन सक्छ । त्यसैले आजैबाट हामी सबै यस्तो अभियानमा लागी लोपोन्मुख जनावर कस्तूरी मृगको संरक्षणमा लाग्ने कि कसो ?




# Musk deer and its fragnance

**Tshering Dorje Lama,** Class : 8, Shree Buddha Secondary School

Once upon a time, there was a type of deer that lives high in the Himalayas, called the Himalayan Musk deer. It's called a Musk deer because when it reaches a certain age, it begins to emit fragrance from pouch near its navel. The fragrance is so heavenly that when the deer begins to smell this fragrance, it doesn't know where it's coming from. It becomes one of the main goals for the deer to find the source of this fragrance. It searches the bushes, the trees, the caves. It goes from hill to hill looking for the source, which is nowhere to be found. It gets so frustrated, one day it felt exhausted on to the forest floor.

Suddenly the air was overwhelmingly flooded with this divine heavenly scent. After a lifetime it realized the scent was coming from himself.

# कस्तूरी मृग संरक्षणको महत्व


**बिन्दु गुरुङ**, कक्षा : ८, श्री बुद्ध माध्यमिक विद्यालय

आजभन्दा लगभग ५० वर्षअघिको कुरो हो, गाउँका बुढापाकाहरू कस्तूरी मृगको सिकार खेल्ने गर्थे । यस्ता विषयले मेरो बाल मानसपटलमा कस्तूरीबारे कौतूहल जगाउनु स्वाभाविक थियो । यसबारे जान्न निरन्तर प्रयासरत रहेँ । परिणामस्वरूप वन्यजन्तु संरक्षणमा चाख जगाउन यो कुरा मेरा लागि प्रेरणाको स्रोत बन्यो ।

कस्तूरी मृगको बारे अधिकांश मानिसलाई थाहा नै होला । कस्तूरी मृग झट्ट हेर्दा बाख्रा जस्तो भए पनि यसमा भिन्न गुणहरू पाइन्छन् । यो चिसो हावापानी भएको उच्च हिमाली क्षेत्रमा पाइने वन्यजन्तु हो । खासगरी भीर-पहाडका अप्ठ्यारो खोच, चट्टान क्षेत्रमा बस्न रुचाउँछ । नेपालमा दुई प्रजातिका कस्तूरी मृग पाइन्छन् । संसारमा खासगरी एसिया महाद्वीपमा सात प्रजातिका कस्तूरी मृग पाइन्छन् । हिमाली क्षेत्र भएका मुलुकहरू खासगरी नेपाल, भारत, पाकिस्तान, चीन, वर्मा, भुटान, अफगानिस्तान, रुस, मङ्गोलिया, कोरिया लगायत देशमा पाइने उल्लेख गरिएको छ । यसको शरीर बाक्लो रौँले ढाकिएको हुन्छ । यसको सिङ हुँदैन तर भाले कस्तूरी मृगको एक जोडा दाह्रा हुन्छ । यसको लामो कान र छोटो पुच्छर हुन्छ । भाले कस्तूरीको उमेर तीन वर्ष भएपछि यसको पेटमा बिना निर्माण हुन थाल्दछ । बिना सुगन्धित हुन्छ र यसका लागि नै सिकारीहरूले सिकार गर्न चाहन्छन् ।

सामान्यतया २,५०० देखि ४,३०० मिटरसम्मको उचाइका जङ्गल तथा बुट्यान क्षेत्र यसको प्रमुख वासस्थान मानिन्छ । यसको आयु १४ देखि २० वर्षसम्म हुन्छ । लगभग १८ महिनामा पोथी मृग प्रजनन गर्न सक्षम हुन्छे भने गर्भधारणको अवधि चार महिना हुन्छ । साढे दुई वर्ष भएपछि पोथी कस्तूरीले जुम्ल्याहा बच्चा जन्माउँछे । भाले र पोथीको अनुपात १:४ हुन्छ । भाले कस्तूरी एक वर्षपछि बिना उत्पादन गर्न सक्षम हुन्छ । यसको जनसङ्ख्या वृद्धिदर ४८ देखि ६५ प्रतिशत रहेको छ । कस्तूरी मृगले पहाड तथा हिमाली क्षेत्रको अप्ठ्यारो ठाउँमा भएका हरिया घाँसपात खान्छ । कस्तूरी मृगको बिनाबाट सुगन्धित बास्ना आउँछ । ऊ जता हिँड्छ त्यता उसले आफ्नो बिनाबाट सुगन्धित बास्ना छर्दै हिँड्छ । कस्तूरी मृगको सिकार गर्नाले यसको सङ्ख्या दिन प्रतिदिन घट्दै गएको छ ।

यसको संरक्षण गर्न सरकारले कडा कानुनी कारबाही गर्न जरुरी छ । यसको संरक्षण गर्न विभिन्न राष्ट्रिय निकुञ्जहरू स्थापना भएको पाइन्छ । यसको संरक्षण गर्न विद्यार्थीले आफ्नो घरमा भएका अभिभावकहरूलाई सिकार नगरौँ भन्ने गरौँ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अन्तर्गत यस जनावरलाई संरक्षित वन्यजन्तुको सूचीमा राखिएको छ । यसलाई लोप हुन नदिन सबै गाउँघरका मानिसहरूलाई यसको महत्वबारे बुझाउनु जरुरी छ ।



चित्रकारको नाम : बिष्णु गुरुङ
कक्षा : ७
श्री भवानी माध्यमिक विद्यालय

# बल्ल बुझे

**आतम गुरुङ, कक्षा : ८, श्री बुद्ध माध्यमिक विद्यालय**

एकादेशमा एउटा हिमाली क्षेत्रमा अति सुन्दर वातावरण थियो । त्यहाँ विभिन्न प्रजातिका वन्यजन्तु र चराचुरुङ्गीहरू थिए । त्यहाँ खोलानाला र अति सुन्दर वातावरणले भरिपूर्ण थियो । त्यहाँ कस्तूरी मृगहरू भन्ने जन्तु पनि थिए । यसको रङ कालो खैरो र शरीर पूर्ण रौँले भरिएको थियो । त्यसले झारपात र विभिन्न प्रकारका घाँसहरू खान्थ्यो । त्यहाँ बाघ र चितुवाहरू पनि थिए ।

एक दिनको कुरा हो, जब बाघ र चितुवा आफ्नो आहारा प्राप्त गर्न मृगहरूलाई सिकार गर्न आउँदै थिए तब उनीहरू डराएर त्यहाँबाट अलि तलतिर बस्न थाले । दिनमा घाँसपात खाएर आफ्नो आहारा प्राप्त गरी साँझमा गुफामा सुत्ने गर्थे । त्यसको अलि तलतिर बसोबास गर्ने हिमाली क्षेत्रका मानिसहरू थिए । ती मानिसहरू जडीबुटी सङ्कलन गर्ने क्रममा लेकतिर जाँदै थिए र त्यहाँ कस्तूरी मृगलाई देखे । त्यहाँ भएका मानिसहरूले तिनीहरूको सिकार गर्न थाले । धेरै वर्षसम्म त्यहाँ भएका मृग, चितुवा, बाघ र चराचुरुङ्गीहरूलाई मार्दै जाँदा तिनीहरू लोप हुन लागे ।

त्यहाँ एक दिन संरक्षण क्षेत्रका मानिसहरू घुमफिर गर्न आए । उनीहरूले त्यहाँ भएका मानिसहरूलाई कुनै पनि वन्यजन्तु मार्न पाइँदैन र चोरी सिकार गर्न हुँदैन भनेर सम्झाए । त्यहाँ बसोबास गर्ने मानिसहरूले केही दिन संरक्षण गर्ने मानिसले भनेका कुरा माने । जब संरक्षणकर्मीहरू त्यहाँबाट फर्किए गाउँलेहरूले सिकार गर्न थाले ।

केही वर्षपछि त्यहाँ भएका सबै कस्तूरी मृगहरू लोप भए । त्यो कुरा संरक्षणकर्मीहरूलाई थाहा

भयो र संरक्षणका मानिसहरू र समितीहरूले कडा नियम बनाए । कुनै जन्तु मारे वा तिनीहरूलाई बेचबिखन गरेमा ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना र पाँच वर्षदेखि १५ वर्षसम्मको कैद हुनेछ भने । चोरी सिकार गरेको थाहा भएमा यी नियमहरू लागू हुनेछ पनि भने । संरक्षण क्षेत्रका मानिसहरूले लुकिछिपि चोरी सिकार गर्ने मानिसलाई कानुन बमोजिम जरिवाना र सजाय प्रदान गरे । त्यसपछि मानिसहरू पनि बिस्तारै सचेत हुँदै गए र जङ्गलमा वन्यजन्तुको सङ्ख्या पनि बढ्दै गयो ।

## भावी पुस्ताको लागि कस्तूरी मृगको संरक्षण गरौं

**रिन्जीन फून्जो लामा**, कक्षाः ८, श्री बुद्ध माध्यमिक विद्यालय

नेपालको पूर्वी भेग हुँदै सुदूरपश्चिमको खप्तड राष्ट्रिय निकुञ्जमा पाइने कस्तूरी मृग २,५०० मिटरको उचाइदेखि पाइन्छ। उच्च हिमाली क्षेत्रमा पाइने यी मृगहरू मानवजन्य गतिविधिका कारण खतरामा छन् । जस्तै, यिनीहरूलाई बन्दुक हानेर मार्ने, पासो थाप्ने आदि । यसको चोरी सिकारको प्रकोप पनि बढ्दो छ । वनजङ्गल फँडानी, गाईवस्तु चरीचराउ गर्ने तथा घरपालुवा कुकुरहरूको कारण पनि यिनीहरूको जीवन खतरामा छ ।

यसकारण यी लोपोन्मुख जनावरको संरक्षणका लागि ठाउँठाउँमा संरक्षण गर्ने तरिकासम्बन्धी शिक्षा सबैलाई दिनु जरुरी देखिन्छ। यदि यस्ता लोपोन्मुख जनावरहरूलाई बेलैमा सोचविचार नगरी बेवास्ता गरेमा यसको अस्तित्व राष्ट्रबाट र अन्तर्राष्ट्रिय क्षेत्रबाट सधैंका लागि हराउने पक्का हुन्छ। जसले पछिको पिढीलाई देख्न समेत पाउने अवसर गुम्न सक्छ। त्यसैले यसको संरक्षणतर्फ आजैबाट ठाउँठाउँमा विभिन्न तरिकाले ध्यान दिनु जरुरी हुन्छ । संरक्षण गर्नका लागि निम्न कुरामा ध्यान दिन आवश्यक देखिन्छ ।

१) अशिक्षित व्यक्तिहरू रहेको ठाउँमा कस्तूरी मृगको महत्व र यसको संरक्षणसम्बन्धी शैक्षिक अभियान सञ्चालन गर्ने ।

२) चोरी सिकार जस्ता क्रियाकलाप रोक्न उच्च हिमाली क्षेत्रमा संरक्षण क्षेत्र तथा सम्भव भएसम्म अस्थायी प्रहरी चौकीको स्थापना गर्ने ।

३) यस्ता अवैध गतिविधि गरेको पाइएमा कानुनी कारबाही गर्नुपर्छ ।

४) त्यस्ता नराम्रा काममा लागेका व्यक्तिहरूको गतिविधिबारे जानकारी दिने व्यक्तिलाई गोप्य तवरले पुरस्कारको समेत व्यवस्था गर्नुपर्छ ।

यदि माथि उल्लिखित कुराहरूमा हामी सबैले ध्यान दिन सक्यौं भने पक्कै भावी पिढीले समेत कस्तूरी मृगलाई देख्न पाउनेछन् ।




# हिमालको मृग कस्तूरी

**तेन्जिन हिसे लामा,** कक्षा : ८, श्री बुद्ध माध्यमिक विद्यालय

कस्तूरी मृग हिमालमा बस्ने जनावर हो । कस्तूरी मृग विशेष गरी १३ देशमा पाइन्छ । तर हाम्रो नेपालमा दुई प्रकारका कस्तूरी मृग पाइन्छन् । कस्तूरी मृग २,५०० मिटरदेखि ४,३०० मिटर उचाइ भएका हिमाली भेगमा बस्न मन पराउँछन् । कस्तूरी मृगहरू कालो खैरो रङको हुन्छ । कस्तूरी मृग स्तनधारी जीव हो । यसले एकपटकमा दुई ओटा बच्चा जन्माउँछ । कस्तूरी मृगका दुई ओटा लामा दाह्रा हुन्छन् । यसको शरीर बाक्लो रौँले ढाकिएको हुन्छ । यसको सिङ हुँदैन । कस्तूरी मृग हेर्दा बाखाजस्तो देखिन्छ । यो हिमालको नजिकको घाँसे मैदान वा बाक्लो जङ्गलमा बस्छ । यो प्रायः हिमालमा मात्र बस्छ, कहिलेकाहीँ मात्र नजिक तीर देखिन्छ । यसले आफ्नो साथी बोलाउन प्वाँप्वाँ गर्दै आवाज निकाल्छ । यसले जङ्गलमा पाइने घाँसपात खान्छ । हिउँचितुवा यसको प्राकृतिक शत्रु हो । यसले आफ्नो शत्रुबाट बच्नका लागि हरेक पाइलामा सचेत भएर बस्नुपर्ने हुन्छ । यो एक लोपोन्मुख जनावर हो । यसको सङ्ख्या नेपालमा मात्र नभएर विश्वमा नै दिन प्रतिदिन घट्दै गएको छ तर पनि मानिसहरूले यसको सिकार गर्ने गर्छन् । हाम्रो देशमा यसको संरक्षणका लागि धेरै राष्ट्रिय निकुञ्ज र विभिन्न संरक्षण क्षेत्र बनाइएका छन् ।

हामी सबै एकजुट भएर यसको संरक्षण गर्नुपर्छ । यसको सिकार नगर्नका लागि गाउँ, घर वा समाजका मानिसहरूलाई शिक्षा दिनुपर्छ । यसको सिकारको रोकथाम गर्न हामीले कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसको सिकार गर्ने वा व्यापार गर्ने व्यापारीहरूलाई सरकारद्वारा कडाभन्दा कडा सजाय दिनुपर्छ । हामीले यसको संरक्षण गर्‍यौँ भने हाम्रो गाउँठाउँमा घुम्न आउने पर्यटकहरूबाट हाम्रो देशले राम्रो आर्थिक अम्दानी गर्न सक्छ । हामीले यसको संरक्षण गरेनौँ भने नयाँ पुस्ताले देख्न पनि पाउनेछैनन् ।




# The Himalayan Deer

**Inkesh Bagale,** Class : 9, Modern Secondary English Boarding School

Musk deer is a rare animal found in Himalayan region and famous for animal found in Himalayan region for its musk. Its scientific name is *Moschus leucogaster*. It is also known as Himalayan Musk deer. It likes to inhabit in the areas where there is no possibility of human interference.

Musk existing in its belly-button specializes this animal. It lives to the height of 2,500 meter to 4,300 meters high mountains. It has brown coat spot with black and yellow spots. The deer has a small tail. It does not have horns. It has two long canine teeth. It has hoof in each leg. Musk develops after it has completed one year. Usually, one deer has 30 to 45 grams of musk in it. It is extracted from a gland near genital organ of a male below its belly. This extracted substance is collected in a pouch shaped place existing below the belly-skin. From this pouch the musk is obtained.

So, don't seek the perfume of happiness outside yourself and perish in the jungle of life.

# कस्तूरी र यार्सागुम्बाको कथा

**मेलिना सुनार**, कक्षा : ९, श्री जनजागृति माध्यमिक विद्यालय

धेरै पहिलेको कुरा हो। एउटा ठूलो जङ्गल थियो। त्यस जङ्गलमा भाले कस्तूरी र पोथी कस्तूरीको एउटा जोडी बस्थ्यो । तिनीहरू आपसमा खुबै मिल्थे । जङ्गलमा चर्ने गर्थे । तिनीहरूका ती दिनहरू निकै रमाइला थिए । एक दिन पोथी कस्तूरीले दुई ओटा बच्चा जन्माई । बच्चा जन्मेपछि भाले कस्तूरीले भन्यो, "प्रिया ! अब तिमी बच्चाकी आमा भयौ । आजदेखि तिमीले बच्चाको रेखदेख गर, म खानेकुराको व्यवस्था गर्छु ।" पोथी कस्तूरीले पनि उसको कुरामा समर्थन जनाई । भाले कस्तूरीले दिनदिनै वनका फलफूलहरू टिपेर ल्याउन थाल्यो । एक दिनको कुरा हो, भाले कस्तूरी सधैँझैँ फलफूलको खोजी गर्दै पूरा जङ्गल घुम्यो तर कतै केही भेटाएन। साँझ परिसकेको थियो। सूर्य क्षितिजमा डुब्नै आँटेको थियो। जङ्गलमा घाँसदाउरा गर्न गएका मानिसहरू पनि आ-आफ्ना घरतिर फर्किंदै थिए । भाले कस्तूरी पनि जङ्गलमा घुम्दाघुम्दै थकित भएर घरतिर फर्किंदै थियो । उसले बाटामा एउटा बिरुवाको बोट देख्यो । ऊ खुसी भयो । आहा ! क्या राम्रो बिरुवा रहेछ । अब यसैलाई लैजानुपर्यो भनी उसले सोच्यो । त्यसपछि उसले त्यस बिरुवालाई जिउँदै घर लैजाने विचार गर्‍यो । घरमा पुग्दा पोथी कस्तूरीले सोधी, "आज मेरो लागि तपाईंले केही खाने कुरा ल्याउनुभएन ?" भाले कस्तूरीलाई अचम्म लागिरहेको थियो किनभने त्यो भाले कस्तूरीले ल्याएको बिरुवा आधा बिरुवा र आधा जनावर थियो । भाले कस्तूरीले सोच्यो- बिरुवा त मेरो बच्चाकी आमाले खाली तर यो जनावरलाई त के गर्ने होला ? ऊ सोचमग्न भयो। पोथी कस्तूरी त्यो बिरुवा देखेर आश्चर्यचकित भई-सधैँ बिरुवाहरू ल्याए पनि यस्तो आधा बिरुवा अनि आधा चाहिँ जनावर भएको ल्याएको थिएन। उसको मनमा प्रश्न उब्जियो अनि भाले कस्तूरीलाई सोधी, "आज तपाईंले मेरो भोजनका लागि कुनै व्यवस्था मिलाउनुभएन ? कुनै अनौठो वनस्पति खोजेर ल्याइदिनुभयो ।"

पोथी कस्तूरीको कुरा सुनेर भाले कस्तूरीले भन्यो, "प्रिया ! आज यो बिरुवाको बोटबाहेक अरू कुनै वनस्पति फेला परेन । यसलाई पनि आधा जनावर र आधा वनस्पति ठानेर मारिनँ । शास्त्रमा पनि विद्वान्, विदुषीहरूले प्राणीलाई मार्नु हुन्न भनेका छन् । यो त बाटामा र हिमालमा नभई पहाडमा उम्रेको रहेछ । मलाई देखेर आधा जनावर भएर होला, भाग्नुको साटो नजिक पो आयो । यदि कोही विश्वास गरेर आफूसँग आएको छ भने त्यसलाई मार्नु हुँदैन । तिमीलाई कुनै भोजनको व्यवस्था भएन भने यसैको सिकार गरेर आफ्नो छाक टार । भोलि बिहानै हुनेबित्तिकै अर्को कुनै खानेकुराको बन्दोबस्त गरौँला ।"

भाले कस्तूरीको कुरा सुनेपछि पोथी कस्तूरीले भनी, "तपाईंले यसलाई आधा जनावर ठानेर मार्नुभएन भने म पनि आफ्नो पेट भर्नका लागि यसको हत्या किन गर्छु र ? यो अहिले हाम्रो शरणमा छ । शरणको मरण कहिल्यै गर्नु हुँदैन । यो सनातन धर्म पनि हो ।" पोथी कस्तूरीले फेरि भनी,




"आजदेखि यो मेरो आहारा होइन तेस्रो बच्चाका रूपमा म यसलाई पालनपोषण गर्नेछु ।" यसपछि पोथी कस्तूरीले त्यस बोटलाई उसको बच्चा सरह हुर्काउन थाली । तीनओटै बच्चाहरू सँगै हुर्किन थाले । उनीहरू सँगै मिलिजुली खेल्ने, खाने, बस्ने र घुमफिर गर्ने गर्थे । त्यसरी कस्तूरीका दुई ओटा बच्चा र एउटा यार्सागुम्बाको बिरुवा सँगै हुर्किन थाले । तिनको शारीरिक बनोटमा पनि भिन्नता देखिन थाल्यो । तैपनि परिवारमा कहिल्यै को कसको सन्तान भन्ने विषयमा छलफल नै भएन । तीनओटै बच्चाहरू हुर्किंदै र बढ्दै गए । तिनीहरूका यी दिनहरू खुब आनन्दका थिए ।

एक दिनको कुरा हो । उनीहरू जङ्गलमा खेलिरहेको बेला हठात् एउटा जङ्गली हात्ती देखा पऱ्यो । त्यसलाई देख्नेबित्तिकै कस्तूरीका दुई ओटा बच्चाहरू रिसाउँदै झम्टन पुगे । यो देख्नासाथ यार्सागुम्बाको बिरुवाको बोटले तिनीहरूलाई रोक्दै भन्यो, "अरे भाइ हो, यो धेरै भयङ्कर प्राणी हो । त्यसैले तिमीहरू यसका अगाडि जानु हुँदैन ।" भाइहरूलाई यति भन्नासाथ ऊ घरतिर टाप कस्यो । यार्सागुम्बाको बोट भागेको देखेपछि कस्तूरीका बच्चाहरू पनि निराश भएर फर्किए ।

घरमा पुगेपछि ती दुई भाइले पोथी कस्तूरीका अगाडि घटेका घटना भने । यार्सागुम्बा दाइलाई निकै खिसी गरे । उनीहरूले हात्तीलाई देख्नेबित्तिकै ऊ आत्तिएर भागेको र आफूहरूलाई पनि भाग्ने सल्लाह दिएको कुरा सुनाए । कस्तूरीका बच्चाहरूका कुरा सुनेर यार्सागुम्बाको बोट रिसायो । उसका ओठ रिसले थरथरी काँप्न थाले । उसका आँखा राता भए । उसले आँखीभौँ समेत बाङ्गा र टिङ्गा पार्दै दुई भाइलाई गाली गर्न थाल्यो । यत्तिकैमा पोथी कस्तूरीले उसलाई एकान्तमा लगेर सम्झाउँदै भनी, "बाबु, तिमी त्यसरी नरिसाऊ । ती दुवै तिम्रै भाइहरू हुन् ।"

पोथी कस्तूरीका कुरा सुन्नासाथ ऊ रिसले आगो भयो । उसले भन्यो, "के म शौर्य, विद्या, रूप, सीप आदि केहीमा तिनीहरूभन्दा कम छु र ? यिनीहरूले किन मलाई यसरी हेपिरहेका छन् ?"

यार्सागुम्बाको त्यत्रो आक्रोश देखेर पोथी कस्तूरी सोचमग्न भई। त्यसको जीवन रक्षा गर्नु उसको कर्तव्य थियो। यदि झगडा भइहालेमा कस्तूरीका दुई ओटा बच्चाहरूले उसलाई सिध्याउने थिए। त्यसैले पोथी कस्तूरीले संयमित भएर हाँस्दै भनी, "बाबु ! तिमीले भनेको कुरा ठीक हो। तिमी वीर, विद्वान् र देख्नमा पनि राम्रा छौ, तर तिमी जुन कुलमा जन्मिएका थियौ त्यो हाम्रो भन्दा फरक छ।"

त्यस पोथी कस्तूरीको कुरा सुनेर यार्सागुम्बाको बोट झस्कियो। त्यसै बेला पोथी कस्तूरीले अझ राम्ररी सम्झाउँदै भन्न थाली, "अब म सबै सत्य कुरा बताउँछु। बाबु ! मैले तिमीलाई माया गरेर मेरो छेउमा हुर्काएँ, तिमी यार्सागुम्बाको बोट हौं।"

पोथी कस्तूरीको कुरा सुनेपछि ऊ झसङ्ग भयो। समय बित्दै जाँदा परिस्थिति बदलियो। त्यसले गर्दा उनीहरूको बीचमा ठूलो अविश्वास देखा पऱ्यो। सबैको खुसी एकाएक खोसियो। यार्सागुम्बा आफू एक्लै भएकाले निकै आत्तियो। अनि गएर आफ्नो यार्सागुम्बाको समूहसँगै मिसियो, कसैलाई थाहा भएन।

"शरणमा आएकालाई संरक्षण गर्नुपर्छ। आपसमा कहिल्यै झगडा गर्नु हुँदैन। उचित समयमा सही कुरा बताउनुपर्छ। सबैको भलो गर्नुपर्छ। यो हामी सबैको कर्तव्य हो। यो कुरा म मेरा सन्तानलाई पनि सिकाउँछु," पोथी कस्तूरीले मनमनै सोची।

# जोगाऔं कस्तूरी मृग

**सुनिता गुरुङ**, कक्षा : ८, श्री बुद्ध माध्यमिक विद्यालय

कस्तूरी मृग दुई शब्दले बनेको छ। कस्तूरी मृग सात ओटा प्रजातिको हुन्छ। यो १३ ओटा देशमा पाइन्छ। यो चिसो क्षेत्रमा बस्छ। यसको शरीर खैरो रङको हुन्छ। यसको शरीर बाक्लो रौँले ढाकिएको हुन्छ। यसको सिङ हुँदैन। यसको छोटो पुच्छर हुन्छ। यसको पछाडिको खुट्टा लामो हुन्छ। यसले घाँसपात खान्छ। यसलाई बाघ, चितुवाले सिकार गर्छन्। मानिसले यसको संरक्षण गर्नुपर्छ भनी थाहा पाउँदापाउँदै पनि लुकिछिपी सिकार गर्छन्। हामीले यसको सिकार गर्नु हुँदैन किनकि यो पनि मानिस जस्तै प्राण भएको जीव हो। यसको सिकार गर्नु हुँदैन भनेर गाउँघरमा शिक्षा दिनुपर्छ। यो लोप भयो भने हाम्रा छोरानातिहरूले देख्न समेत पाउनेछैनन्। यसलाई जोगाउनु र संरक्षण गर्नु हाम्रो कर्तव्य हो।

# ए कस्तूरी मृग

**समिक्षा थापा,** कक्षा : ९
**मोर्डन सेकेण्डरी इङ्गलिस बोर्डिङ्ग स्कुल**

नेपाल हो प्राकृतिक स्रोत र
सम्पदाले भरिपूर्ण देश ।
कस्तूरी मृगको संरक्षणको
विषयलाई गरौं समावेश ॥

कस्तूरी मृगको संरक्षण गर्न
हामी सबै एक जुट हौं ।
यसको हत्या गर्नेलाई
कडा कारवाही दिलाऔं ॥

यसको महत्वबारे
सबैमा शिक्षाको प्रकाश छरौं ।
यसको सिकार गर्नेलाई
कडा सजाय गराऔं ॥

चोरी सिकार गरेको थाहा पाएमा
प्रहरी कार्यालयलाई जानकारी गराऔं ।
कस्तूरी मृग सम्बन्धी
सबैले जनचेतना फैलाऔं
जनचेतना फैलाऔं ॥

# The Deer

**Aarati Aryal,** Class : 9
Modern Secondary English Boarding School

The deer is patience,
the deer is what we see
standing in the woods,
half its jaw shot off just staring

You ought to kill it now
but you lift it into the back of the pickup
At home you pack
the broken bone with mud

Healing she moves toward you, shy
she rubs her head against your leg
What I've loved in myself and others
is in the dream I have of this deer
though she was real:
she came out of the woods bleeding
she knew how to die but healed

The deer that walked
One day back into the woods
is standing by a pond now,
Alert in a wash of sunlight
How quietly she stands there
as if there were no way
to not belong in the world
as if it were this easy.




# कस्तूरी मृगको परिचय

**रोशन अधिकारी,** कक्षा : ९, मोर्डन सेकेण्डरी इङ्लिस बोर्डिङ्ग स्कुल

नेपालमा विभिन्न प्रकारका जङ्गलहरू छन् । हिमालमा चिसो वातावरण, पहाडमा ठिक्क र तराईमा तातो वातावरण पाइने गर्छ । वातावरणको भिन्नता भए तापनि यहाँ निकै नै दुर्लभ प्राणीहरू पाइने गर्छन् ।

कस्तूरी मृग जस्तो दुर्लभ जनावर पनि नेपालमा पाइन्छ । यो हिमाली क्षेत्रको जङ्गलमा पाइने गर्छ । चिसो र हड्डी जमाउने हिउँबाट बच्नका लागी यिनीहरूको शरीरमा निकै बाक्लो रौँ हुने गर्छ । विश्वमा कस्तूरी मृगका जम्मा सात प्रजाति मात्र पाइन्छ । यी सात प्रजाति मध्ये दुई प्रजाति नेपालमा पाइने गर्छ । सेतोकण्ठे र कस्मिरी प्रजाति नेपालमा पाइन्छन् । यिनीहरूलाई हिमाली क्षेत्रका मुख्य गरी कोणधारी र झाडिदार जङ्गलतीर देख्न सकिन्छ । यिनीहरूको सिङ हुँदैन । यिनीहरूको कान लामा र पुच्छर छोटो हुन्छ । भालेको तीखो र लामो दाह्रा हुने गर्छ र यो उमेरसँगै बढ्दै जान्छ । कस्तूरी मृगहरू नेपाल, भारत, चीन लगायत एसियाका १३ वटा देशहरूमा पाइने गर्दछन् । यिनीहरू शाकाहारी हुन्छन् र पात, बिरुवाको टुप्पा, फूल आदि खाने गर्दछन् । यिनीहरूको शरीरमा बिना हुन्छ । यिनीहरूको बिनाबाट उत्पन्न हुने पदार्थ निकै सुगन्धित हुने गर्दछ । बिना प्राप्त गर्न मानिसहरूले यिनीहरूको सिकार गर्ने गर्दछन् । प्राकृतिक सिकारीहरूबाट भन्दा पनि यिनीहरूलाई मानिसहरूबाट धेरै खतरा हुन थालेको छ । यिनीहरूको घट्दो क्रम देखेर यिनीहरूलाई आ.यु.सि.यन.को रातो सूचीमा सङ्कटापन्न अवस्थामा राखिएको छ । यिनीहरूको संरक्षणका लागि हामी सबै जनता र सरकार सचेत हुनुपर्छ । यदि त्यसो भएन भने पृथ्वीबाट यिनीहरूको अस्तित्व नै मेटिनेछ । यसको संरक्षणका लागि सबैले हातेमालो गर्न आवश्यक छ ।

# कस्तूरी मृग संरक्षणमा लाग्न आग्रह

**समिक्षा थापा,** कक्षा : ९, मोर्डन सेकेण्डरी इङ्गलिस बोर्डिङ्ग स्कुल

नेपाल प्राकृतिक स्रोत र सम्पदाले भरिपूर्ण देश हो । यहाँ विभिन्न प्रकारका जङ्गल तथा वन्यजन्तुहरू पाइन्छन् । त्यसैगरी एसिया महाद्वीपमा मात्र पाइने कस्तूरी मृग विश्वभरि सात प्रजातिका छन् । यी कस्तूरी मृग सुन्दर वन्यजन्तु हुन् । हिमाली तथा पहाडी भागमा पाइने कस्तूरी मृग नेपालमा समुद्री सतहदेखि २,५०० देखि ४,३०० मी. सम्मको उचाइमा रहेको कोणधारी वा झाडिदार जङ्गलमा पाइन्छ । यिनीहरू शाकाहारी जनावर हुन् । यिनीहरूको खाना अलि पृथक हुन्छ । घाँसपातका साथै रुखमा झुन्डिएका लेउ, फूल, झ्याउ तथा तीतो वा टर्रो स्वाद आउने पातहरू यिनीहरूलाई मन पर्दछ । यिनीहरूले सधैँ एकै ठाउँमा बड्कौँला थुपारेर आफ्नो वासस्थानको निर्धारण गर्ने गर्दछन् । यिनीहरूको तौल १७ के.जी. वा सोभन्दा कम हुन्छ । भाले-पोथी दुवैको शरीर बाक्लो तथा खस्रा रौँहरूले ढाकिएका हुन्छन् । यिनीहरूको सिङ हुँदैन, कान लामा हुन्छन् र पुच्छर अत्यन्तै छोटो हुने भएकाले प्रस्टसँग देखिँदैन । भालेको प्रस्ट देखिने दाह्रा हुन्छ र सो उमेरअनुसार बढ्दै जान्छ । यिनीहरूको पछाडिका खुट्टा अगाडिका भन्दा लामा हुन्छन् । कस्तूरी मृग लजालु हुन्छन् ।

नेपालमा तीन प्रकारका कस्तूरी मृग पाइने भनिँदै आएको छ तर यस सम्बन्धमा डा. पारस बि. सिंहले आफ्नो अध्ययन अनुसन्धानबाट दुई प्रकारका कस्तूरी मृग पाइने भनेका छन् । जसमा कस्मिरी क्षेत्रमा पाइने भनिएको कस्तूरी नेपालको गण्डकी प्रदेशको मुस्ताङबाट पत्ता लागेको हो । हाल विश्वमा कस्तूरी मृगको सङ्ख्या घट्दै गएको छ । यसको मुख्य कारण भाले कस्तूरीमा पाइने बिना बनेको छ । भाले कस्तूरीमा पाइने बिनाका लागि पासो थापी सिकार हुने गर्दछ । भाले कस्तूरी मृगका लागि थापेको पासोमा भाले, पोथी वा बच्चा परी मर्ने भएकाले यसको सङ्ख्या दिन प्रतिदिन घट्दै गएको छ । साथै अत्यधिक वनविनाशले गर्दा यिनीहरूलाई नकारात्मक असर परेको छ । यसरी कस्तूरी मृगको बिनाका लागि प्रयोग भइरहेको सिकारले कस्तूरीहरू समाप्त हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै छिमेकी मित्रराष्ट्र चीनमा Sichuan Institute of Musk Deer Breeding Centre को स्थापना गरी कस्तूरी मृगको पालन सुरु गरियो । जसका कारण चीनमा कस्तूरी मृग बढी सुरक्षित रहेका छन् । गण्डकी प्रदेश सरकार तथा निर्देशनालयमार्फत कस्तूरी पालन कार्यलाई अगाडि बढाइएको छ । हिमाली जिल्ला मनाङ, मुस्ताङ र उत्तरी गोरखाका अधिक क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरू बौद्ध धर्म मान्ने भएकाले यहाँको कला र संस्कृति अति नै फरक हुने भएकाले र यस क्षेत्रका बासिन्दाहरू हिंसा नगर्ने भएका कारण अन्य क्षेत्रभन्दा कस्तूरी मृगहरू यहाँ बढी संरक्षित र सुरक्षित छन् ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षणले कस्तूरी मृगको सिकार गरेमा वा घाइते बनाएमा ५०



*चित्रकारको नाम : लाक्पा दोर्जे लामा*
*कक्षा : ५*
*श्री नुब्री आधारभूत विद्यालय*

हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा पाँचदेखि १५ वर्षसम्म जेल सजाय वा दुवै सजाय हुन सक्ने व्यवस्था गरेको छ। अपराध गर्ने व्यक्तिलाई जानीजानी मद्दत गर्ने व्यक्तिलाई पनि कसुरदारलाई हुने सजाय सरह नै सजाय हुन्छ । अपराधी बारे जानकारी गराउने व्यक्तिलाई पुरस्कारको पनि व्यवस्था गरिएको छ । त्यसैले हामीले यसको राम्ररी संरक्षण गर्नुपर्छ ।

# सिकारी र कस्तूरी मृग

**मुफिद मियाँ,** कक्षा : ९, श्री शक्ति माध्यमिक विद्यालय

एकादेशमा एउटा ठूलो जङ्गल थियो । सुन्दर ठाउँमा अवस्थित त्यस जङ्गलमा थुप्रै किसिमका बिरुवाका साथै थुप्रै जनावरहरू पनि पाइन्थे । साथै त्यस जङगलमा एउटा कस्तूरी मृगको जोडी थियो । भाले मृग दैनिक आफ्नो जोडीसँग चर्न जाने गर्थ्यो ।

एक दिनको कुरा हो सधैं झैं त्यो जोडी घाँस चर्नका निम्ति गाउँको सिमानातिर गयो । घाँस खाँदै गर्दा उनीहरूलाई सिकार गर्न गएको एउटा टोलीले देख्यो । अलि परबाट हेर्दा निकै अनौठो देखिएपछि उनीहरूले नजिकैको झाडीपछाडि लुकेर हेरे । त्यस्तो किसिमको जनावर अहिलेसम्म नदेखेको कुरा त्यस टोलीको नाइकेले भन्यो र सबैले त्यसमा सही थपे । एउटा सिकारीले त्यो जोडीलाई नै सिकार बनाउने र मिलेर खाने कुरा गर्‍यो तर नाइकेले असहमति जनायो । घाम लागेर रमाइलो दिन परेका हुनाले त्यो जोडी त्यहाँबाट अन्त नगई त्यहीं रमाएर चरिरहेको थियो । यता नाइकेले सिकार गर्न असहमति जनाएपछि अरू सिकारीहरू उत्सुक भएर किन भन्दै प्रश्न गर्न थाले । नाइकेले अपरिचित जनावरलाई मार्न र खान हुँदैन भनेर अर्ती दिन्छ। जुन कुरामा अरूले पनि सहमति जनाउँछन् । त्यसपछि अब के गर्ने त भनेर त्यस समूहको एउटा सिकारीले प्रश्न गर्छ ।




सल्लाह र सुझाव दिने क्रममा एउटाले अहिलेसम्म कसैले नचाखेको कुरा चाखौं भन्छ र अर्कोले अरू ठूलाबडालाई लिएर आउने अनि अरू कुरा गर्ने भन्छ । यसैक्रममा त्यस समूहको अलि उमेर पुगेको सिकारीले भने समातेर लिएर जाने र अरूलाई देखाउने, त्यसपछि खान मिल्छ भने खाऔँला नत्र त्यही छोडौँला भनेर सुझाव दिन्छ । यस्तो गरे उत्तम हुने भनेर सबै सहमत हुन्छन् । त्यस मृगको जोडीलाई समातेर उनीहरूले घरतिर लिएर आउँछन् । संयोगले त्यति वेला एउटा वन्यजन्तु खोज तथा अनुसन्धान टोली गाउँ नजिकैको जङ्गलमा रहेका जनावरहरूको अध्ययन तथा विवरण लिन आएको थियो । सिकारीहरूले अनौठो जनावर लिएर गाउँ पसेको कुरा त्यस अनुसन्धान टोलीको कानमा पर्छ । उनीहरू सिकारीहरूलाई भेट्न र जनावर हेर्न त्यहाँ लाग्छन् ।

सिकारीहरूले त्यस जनावरलाई छुट्टै खोरमा राखेका रहेछन् । त्यहाँबाट निकालेर त्यस टोलीलाई देखाए । अनुसन्धान टोलीले देख्नेबित्तिकै त्यस जनावरको नाम कस्तूरी मृग भएको कुरा भने र त्यो जनावर लोप हुन लागेको कुरा सुनाए । यस्तो कुरा सुनेपछि सबै गाउँलेका साथै सिकारीहरू पनि अचम्मित भए । त्यस टोलीका सदस्यले सबै गाउँलेलाई कस्तूरी मृगबारे जानकारी दिए र कम सङ्ख्या भएका यस्ता जनावरहरूको संरक्षण गर्नुपर्छ भनेर सुझाव दिए । यसको आवश्यकता र वातावरणप्रतिको महत्व पनि सबैलाई बुझाए । सबै गाउँलेहरूले यस्ता कम सङ्ख्या भएका जनावरको सिकार नगर्ने वाचा पनि गरे ।

बिहान हुनासाथ त्यस जङ्गलको अध्ययन गर्न भनेर अनुसन्धान टोली निस्के र करिब ६ दिनको अनुसन्धान पछि त्यस जङ्गलमा भएका अन्य महत्वपूर्ण जनावरहरूको अवस्था पनि पत्ता लगाए । घर फर्कनुअघि उनीहरूले गाउँलेलाई भेला गराए र सिकारको कारण भएको क्षतिकाबारे पनि विस्तारित रूपमा बताए । निकै महत्वपूर्ण सुझाव र संरक्षणको औचित्य बुझाउँदै उनीहरू सहर फर्किए ।

त्यसपछि बिस्तारै त्यहाँ सिकार पनि कम हुँदै गएको छ र धेरै किसिमका जनावरहरूको संरक्षण त्यस गाउँलेले गर्दै आएका छन् । समातिएको कस्तूरी मृगको जोडी पनि खुसी भई चर्न र डुल्न थालेको छन् ।

# कस्तूरी मृग अनि यसको संरक्षण

**छेवाङ नोर्बु लामा,** कक्षा : ८, श्री बुद्ध माध्यमिक विद्यालय

कस्तूरी मृग चिसो वा हिमाली भेगमा पाइन्छ। कस्तूरी मृगको शरीर खैरो रङ्गको हुन्छ। यसको शरीर बाक्लो रौँले ढाकिएको हुन्छ। यसको सिङ हुँदैन तर भाले कस्तूरी मृगको एक जोडी दाह्रा हुन्छ। यसको लामो कान र छोटो पुच्छर हुन्छ। भाले कस्तूरीको नाभि नजिकै बिना निर्माण हुन्छ। वयस्क भालेको शरीरमा बिनाको तौल ३०-४० ग्रामजति हुन्छ।

विश्वमा सात प्रजातिका कस्तूरी मृगहरू पाइन्छन्। नेपालमा भने सेतोकण्ठे र कस्मिरी गरी दुई प्रजातिका कस्तूरी मृगहरू पाइन्छन्। कस्तूरी मृग यसको बिनाका लागि प्रसिद्ध छ। बिना भाले कस्तूरीको नाभिभन्दा तल्लो भागमा रहेको हुन्छ। बिना लगायत अन्य ग्रन्थिबाट निस्कने बास्ना प्रयोग गरी भाले र पोथीबीच संवाद सञ्चार हुने गर्दछ। यिनीहरूले सधैँ एकै ठाउँमा दिसा थुपारेर आफ्नो वासस्थान क्षेत्रको निर्धारण गर्दछन्। यिनीहरू भेडा र च्याङ्ग्राभन्दा साना हुन्छन्। यिनीहरूको तौल १७ के.जी. वा सोभन्दा कम हुन्छ। भाले र पोथी दुवैको शरीर बाक्ला तथा खस्रा रौँहरूले ढाकिएको हुन्छ। जसले यिनीहरूको शरीरलाई न्यानो बनाइराख्दछ। यिनीहरूको खुट्टाको बनोटले गर्दा भिरालो जमिन र चट्टानको पहाडमा चढ्न सक्छन्। कस्तूरी मृग नेपाल, भारत, भुटान गरी एसियाका १३ वटा देशमा पाइन्छन्। कस्तूरी मृग शाकाहारी जनावर हो। यसले पात, बिरुवाको टुसा, फूल, घाँस, रुखको बोक्रा, च्याउ, सुकेका पात आदि खान्छ।

कस्तूरी मृगको संरक्षण गर्न यसको वासस्थानलाई मानव अतिक्रमणबाट जोगाउनुपर्छ। चोरी सिकार रोक्ने, साथै कसैले चोरी सिकार गरेको थाहा पाए नजिकैको राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र, वन कार्यालय, सुरक्षा निकाय, गाउँपालिका कार्यालयलाई जानकारी गराउने। वासस्थानको विनाश, मानिसहरूबाट वासस्थानको आगजनी र अतिक्रमण, कस्तूरी मृगको सिकार वा परजीवी तथा जनावरमा लाग्ने रोगहरूले कस्तूरी मृगलाई चुनौती थपेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले कस्तूरी मृगलाई संरक्षित वन्यजन्तुको सूचीमा राखेको छ र यसको सिकार गर्न निषेध गरेको छ। कुनै पनि व्यक्तिले कस्तूरी मृगको सिकार गरेमा वा घाइते बनाएमा, कस्तूरीको बिना खरिद वा बिक्री गरेमा वा ओसारपसार गरेमा ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा पाँचदेखि १५वर्षसम्म जेल सजाय वा दुवै सजाय हुन्छ। कसुर ठहरिने कुनै अपराध गर्ने व्यक्तिलाई जानीजानी मद्दत गर्ने मतियारलाई पनि कसुरवारलाई हुने सजाय सरह नै सजाय हुन्छ।




# पलायो श्यामको बुद्धि

**ग्रिष्मा राना मगर**, कक्षा : ९, श्री शक्ति माध्यमिक विद्यालय

बारणक नामको एउटा सानो गाउँ छ, जहाँ अत्यन्तै चिसो हुने गर्छ। गाउँ वरिपरि घना हरियाली जङ्गल र ठूला-ठूला झरना छन् । त्यहाँका घरहरू प्रायः एउटै किसिमका छन् र सुन्दर र आकर्षक छन् । त्यहाँबाट हिमालहरूको दृश्य निकै सुन्दर देखिन्छ। त्यसैगरी श्याम भन्ने एउटा व्यक्ति त्यही सुन्दर गाउँमा बस्दथे । श्यामको परिवारमा उनकी श्रीमती रोशनी र एक छोरा विवेक थिए । उनको गाउँमा घना जङ्गल हुनाले त्यहाँ धेरै किसिमका जीवजनावरहरू बसोबास गर्थे । श्याम तिनै जनावरहरूको सिकार गर्न निस्कन्थे र बेलुकी साँझमा घर फर्कन्थे । श्यामको त्यही स्वभाव र बानीले रोशनी एकदमै वाक्क र दिक्क भइसकेकी थिइन् र श्यामलाई दिनरातै सम्झाउने प्रयास गर्थिन् । "यो सिकार गरेर केही काम छैन, अब हामीले एउटा राम्रो काम खोजेर आफ्नो पेट पाल्नुपर्छ। यस जङ्गलमा जनावर हुन्जेलसम्म सिकार गरेर खाऔँला, पछि सबै जनावरहरू पनि नष्ट भएपछि के गर्ने ? त्यसैले हामीले दैनिक रूपमा काम लाग्ने एउटा व्यवसाय गरौँ" भनिन् तर श्यामले सुने पनि नसुनेझैँ गरे ।

बारणकमा चिसो हुनाले त्यहाँ एक प्रकारको विशेष जनावर पाइन्थ्यो । त्यस जनावरको नाम कस्तूरी मृग थियो । कस्तूरी मृग सुन्दर तर दुर्लभ जनावर हो । यिनीहरूको सिङ हुँदैन, कान लामा हुन्छन् र पुच्छर अत्यन्तै छोटो हुने भएकाले प्रस्ट नदेखिन सक्छ । पछाडिका खुट्टा अगाडिका भन्दा लामा हुन्छन् । कस्तूरी मृग यसको बिनाका लागि प्रसिद्ध छ । त्यसैले मानिसहरू कस्तूरी मृगलाई मार्न खोज्छन् ।

अरू मानिस मात्र नभई श्यामसमेत त्यही कस्तूरी मृगको सिकारमा जहिले पनि बिहान र बेलुकीसम्म जङ्गलतिर नै हिँडिराख्थे । उनकी श्रीमतीले उनलाई जहिले सम्झाउने गर्थिन्, "तपाईंले यो काम छोड्दिनुहोस् । यो गलत हो, कस्तूरी मृगलाई सिकार गर्न निषेध गरिएको छ । कस्तूरीको बिना खरिद वा बिक्री गरेमा वा ओसारपसार गरेमा ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा पाँचदेखि १५ वर्षसम्म जेल वा दुवै सजाय हुन सक्छ । यसलाई मार्न सहयोग गर्ने व्यक्तिलाई पनि कसुरदार सरह नै सजाय हुन्छ । त्यसैले यस्तो गलत नगर्नुहोस् । यदि जेल नै जानुभयो भने म र मेरो बच्चाको के हालत हुन्छ ? त्यसैले यसको बारेमा नसोच्नुस्" भन्दै श्रीमती सम्झाउँछिन् । श्याम पनि केही नबोली पल्टिँदै सोच्छन्, "हुन त मेरी श्रीमतीले पनि सही नै भनेकी हो । आ.... जेसुकै होस् ।" यसो भन्दै निदाउँछन् ।

एक दिन सिकार गर्न भनी श्याम घरबाट निस्कन्छन् र जङ्गलतिर कस्तूरी मृगको खोजीमा लाग्छन् । सिकारको क्रममा पुलिसले श्यामलाई समात्छ र कस्तूरी मृगलाई घाइते बनाएकोमा जरिवाना तिर्न लगाउँछ तर श्यामसँग पैसा हुँदैन र श्याम आफ्नो घर बेच्न बाध्य हुन्छन् । श्यामकी श्रीमती भन्छिन्, "मैले जे गल्ती नगर्नु भनेकी थिएँ, आखिर त्यही गर्नुभयो हैन । अब त खुसी हुनुहुन्छ नि । अब हामी कहाँ जाने, के खाने, कहाँ बस्ने ?" । अनि श्यामलाई आफ्नो रिस पोख्दै माइतीतिर लाग्छिन् । श्याम एकदमै एक्लो हुन्छन् र एउटा कुनामा एक्लै बसेर रोइरहेका हुन्छन् ।

त्यही बेलामा श्यामकी श्रीमतीले उसलाई "के भयो, किन रुनुभाको" भन्दै बिउँझाउँछिन् र श्याम केही पनि होइन भन्दै ठूलो सास फेर्छन् र धन्न सपना रहेछ भन्छन् । त्यसपछि श्यामलाई त्यस सपनाबाट केही सबक मिल्छ र श्यामले मनमनै भन्छन्, "अबदेखि म कस्तूरी मृगको पछि लागेर आफ्नो ज्यान समेत खतरामा पार्दिनँ ।" श्यामले सोच्छ कि म अब यसरी बसेर हुँदैन, केही काम गरेर आफ्नो परिवार पाल्नुपर्छ । अनि श्रीमतीलाई "ल ! आजबाट म काम खोज्न जान्छु । तिमी खाना बनाइराख" भन्दै घरबाट निस्कन्छन् र उनकी श्रीमती पनि अचम्म मान्छिन्-मेरो श्रीमान्लाई कहाँबाट बुद्धि पलाएछ ?

केही दिनपछि श्यामले पनि स्कुलमा पाले दाइको काम पाउँछन् र आफ्नो परिवारसँग खुसीसँग बस्न थाल्छन् ।



चित्रकारको नाम : अर्माया गुरुङ
कक्षा : ७
श्री जनजागृति आधारभूत विद्यालय

# शेर र शानाको अन्तिम न्यानो अँगालो

**करुणा मानवसेवा**, कक्षा : १०, श्री महेन्द्र ज्योति माध्यमिक विद्यालय

एकादेशको कथा हो, कुनै देशको समुद्री सतहदेखि केही हजार मिटर उचाइमा रहेको कुनै ठूलो कोणधारी र हरियाली जङ्गल थियो । फागुन-चैत महिनामा चाहिँ वनमा हरियो घाँस सुक्थ्यो । पन्छीहरूको सुरिलो आवाजले त्यस जङ्गलका भिरपाखाहरू गुन्जिरहन्थे । राता-राता फूलेका लालीगुराँसले वन सुन्दर देखिन्थ्यो ।

त्यस जङ्गलमा अलि ठूलो प्राणी बस्ने भनेकै कस्तूरी मृगहरू मात्र थिए । ती कस्तूरी मृगहरूमध्ये पनि एउटा उनीहरूको राजा थियो । जो शेर नामले चिनिन्थ्यो । ऊ सबैको भलो चाहन्थ्यो । त्यसैले उसलाई ईश्वरको रूपमा हेर्थे । शेरकी श्रीमतीको नाम शाना थियो । उनी एकदमै राम्री थिइन । हेर्दा जस्ती राम्री देखिन्थिन् मनले पनि त्यतिकै राम्री थिइन् । उनी अरूको बच्चालाई पनि आफ्नै बच्चा जस्तै मान्थिन् । शानाले पनि केही दिनपछि त्यस जङ्गलमा नयाँ सदस्य सङ्ख्या थप्दै थिइन् । त्यहाँको कस्तूरी मृगहरू एकदमै रमाइलो तरिकाले बसिरहेका थिए ।

एक दिनको कुरा हो, फागुन-चैत महिनाको भिरपाखामा हरियो घाँस नभएर सबै जनाले खोलाको किनारतिर जाने योजना बनाएका थिए । त्यो बेला शानालाई पेट दुखिरहेको थियो । शेरले सबै जनालाई आहाराका लागि किनारतिर जान आग्रह गरे । उनीहरू आहाराका लागि खोलाको

किनारतिर लाग्नुअघि शानालाई प्रेरणा र हौसला दिँदै शेरले भन्यो, “तिमीले आफूलाई एक्लो महसुस नगर्नू, तिमी एक्ली छैनौ । अब तिमीले आफ्नो पेटमा भएको बच्चाका बारेमा सोच्नुपर्छ ।” शाना शेरको कुरा सुनेर आँखाभरि आँसु लिँदै न्यानो अँगालो मार्छिन् ।

शाना भन्छिन्, “हजुर आहाराका लागि जानुस् ।” शेर भन्छ, “तिमीलाई यस्तो अवस्थामा छोडेर जान मन त छैन ।” शाना सम्झाउँछिन्, “हजुर मेरो चिन्ता नलिनुस् । म आफ्नो ख्याल राख्न सक्छु । आहारा र पानीको व्यवस्था गर्नु ।” शेर शानाको पेट टाउकाले मुसारेर जुरुक्क उठेर पानी र आहाराका लागि किनारको बाटो लाग्छ ।

केही समयमै शेरको ठूलो आवाज आउँछ । शाना झसङ्ग भएर तर्सिन्छिन् । उनी जुरुक्क उठ्न खोज्छिन् तर पेटको दुखाइले उठ्न सक्दिनन् अनि टाउको उठाएर घाँटी तन्काएर हेर्छिन् । शेर केही पर रहेको हुन्छ । शेरलाई केही मान्छेहरूले हानेको बाणले लागेर छटपटाउँदै कराएको आवाज सुन्दै शाना हेरिराख्छिन् । आँखाभरि आँसु टिलपिल बनाएर टोलाइराख्छिन् । फेरि शेर खुट्टा तन्काउँदै लामो सासमा कराउँछ र शाना सहन नसकी उठ्न खोज्छिन् तर उनलाई पेट दुख्ने व्यथाले च्याप्छ र केही समयपछि छोरा जन्माउँछिन् ।

केही वर्षपछि शानाको छोराको स्वभाव पनि ठ्याक्कै शेरको जस्तै हुन्छ । ऊ फुच्चे भए पनि एकदमै चलाख हुन्छ । शेरको जस्तो स्वभाव भएकाले उसको नाम ईश्वर राखिदिन्छिन् । सबैको मायाले हुर्केको ईश्वरले कहिल्यै आफ्नो बाबाको अभाव महसुस गर्दैन । शाना जहिले भन्थिन्- जे हुन्छ राम्रोका लागि हुन्छ, यदि त्यो बेला म उठेर जान सकेकी भए आज तिमीले यो संसार देख्ने थिएनौ होला । मतलब हामी बाबासँगै हुन्थ्यौँ भनेर कुरा फेर्छिन् । शाना ईश्वरलाई जहिल्यै भन्थिन्, “हामीले हरेक प्राणीलाई प्रेम गर्न सक्नुपर्छ ।” शानाले कहिल्यै यो कुरा भनेकी हुँदिनन् कि केही मानिसहरू कति स्वार्थी हुन्छन् भनेर, तर पनि आफ्नो छोरालाई अन्य प्राणीहरूलाई प्रेम गर्न सिकाउँथिन् ।

केही समयपछि फेरि पहिलेको घटनाजस्तै कस्तूरी मृगहरूका भाले मृगहरू मरिरहेका हुन्छन् । कुनै भाले मृगहरू पासोमा परेर मरिरहेकाले ईश्वरको मनमा धेरै कुरा खेल्न थाल्छ ।

एक दिनको कुरा हो- चार जना मानिसहरू हातमा क्यामेरा बोकेर त्यहाँको प्राकृतिक दृश्यहरू र जङ्गली जनावरहरूको फोटो खिच्न आइरहेको हुन्छन् । ईश्वर ती चार जना मानिसहरूलाई देखेर भाग्न थाल्छ । उनीहरू ईश्वरको पछि लाग्न थाल्छन् । उनीहरूलाई कस्तूरी मृगहरूबारे धेरै कुराहरू थाहा हुन्छ । त्यसैले ती चार जना मानिसहरू ईश्वरको पछि लाग्दै जाँदा सिकारीहरूले कस्तूरी मृगका लागि पासो थापिरहेको देख्छन् । त्यहाँ दुई जना सिकारीहरू हुन्छन् । त्यसपछि ती मानिसले पुलिसलाई खबर गरेर सिकारीहरूलाई समात्छन् । अनि ईश्वरले सोच्छ- यदि मैले यति बुद्धि नलगाएको भए के हुन्थ्यो होला । त्यसैले जे हुन्छ राम्रैका लागि हुन्छ । खासमा ईश्वर डरले भागिरहेको हुँदैन । उसको वीरता र बुद्धिको कारणले ती मानिसहरूलाई त्यहाँ पुऱ्याएको हुन्छ ।

अनी ती सिकारीहरूलाई कडाभन्दा कडा सजाय हुन्छ ।

कस्तूरी मृग लोप हुँदै गएको छ । हामीहरूले कस्तूरी जोगाउन यिनीहरूको वासस्थानको संरक्षण गर्नुपर्छ । त्यसपछि ईश्वर र शाना खुशी हुन्छन् । शानाको पीडाले भरिएको मन हलुका हुन्छ । आँखाभरि आँसु लिएर आमाछोरा न्यानो अँगालो मार्छन् । फेरि पहिलाको जस्तै सबै कस्तूरीहरू खुशीको साथमा रहन थाल्छन् । मानिसले थाहा पाउँदापाउँदै पनि आफ्नो स्वार्थ पूरा गर्न अरूलाई ठेस पुऱ्याइरहेका हुन्छन् । प्राणीलाई प्रेम गर्न सिक्नुपर्छ ।

चाहे मानिस नै होस् चाहे अरू प्राणी नै किन नहोस्, चोट लाग्दा आफूलाई जति पीडा हुन्छ त्यति नै जनावरहरूलाई नि हुन्छ भन्ने सोच्नुपर्छ । कस्तूरी मृग नेपालको गहना हो । कस्तूरी मृगले नेपालको पहिचान बढाउँछ । विश्वभरिका सात प्रजातिमध्ये दुई प्रजाति त हाम्रै नेपालमा पाइन्छ । त्यसैले हामी सबै मिलेर कस्तूरी मृगको संरक्षण गर्नुपर्छ ।

"जहाँ बस्यो त्यहीँ राम्रो नेपाल अझै राम्रो
टुट, फुट गुट भन्दा एकता होस् हाम्रो
आँसु एउटै, हाँसो एउटै, रगत राता
संसारमा जहाँ रहुँ मानवता होस् नाता
संसारमा जहाँ रहुँ मानिस होस् या अरू प्राणी
मानवता होस् नाता । मानवता होस् नाता ॥"

# आकर्षक कस्तूरी मृग

**सुस्मिता सिरमल**, कक्षा : ९, श्री शक्ति माध्यमिक विद्यालय

हेर-हेर साथी हो सुन्दर त्यो जीव
लामा-लामा कान त्यसका, सुन्दर पुच्छर ।
यताउता रम्दै डुल्छ ठुला ठुला भिरमा
मिठो मान्दै खाँदै हिँड्छ घाँस र मुना ॥
काला-काला बाक्ला भुत्ला न्यानोपनको मार्ग
लजालु स्वभावका छन् ती कस्तूरी मृग ।
हिमाली क्षेत्रका पारिस्थितिक प्रणालीको सूचक यी प्रजाति
सबैको मन लोभ्याउने आकर्षक यी कस्तूरी मृग ॥

# प्रकृति र कस्तूरी मृग

**सुनिता गुरुङ**, कक्षा : ६, श्री नुब्री आधारभूत विद्यालय

कस्तूरी एउटा शाकाहारी जनावर हो । यसको पछाडिको खुट्टा लामो हुन्छ र अगाडिको खुट्टा छोटो हुन्छ । यसको सिङ हुँदैन । यसको कान लामो हुन्छ । यो जनावर हिमाली भेगमा पाइन्छ । यसको वासस्थान जङ्गल हो । गाउँघरका मानिसले कस्तूरीको सिकार गर्नाले यसको सङ्ख्या घट्दै गएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन अनुसार कस्तूरी मृग संरक्षित जनावर हो । हामीले यसको सिकार गर्नु हुँदैन । साथै हामीले यसको वासस्थानलाई असन्तुलित बनाउनु हुँदैन । नेपालमा पाइने दुई प्रजातिका कस्तूरी मृगहरू लोप हुने अवस्थामा पुगेका छन् । भावी पुस्ताले कस्तूरी मृगहरू प्राकृतिक वासस्थानमा देख्न पाउने अवस्था हामीले सृजना गर्नुपर्छ ।

# कस्तूरी मृगका कुरा

**सिदार ल्हामु**, कक्षा : ७, श्री नुब्री आधारभूत विद्यालय

कस्तूरी मृग एउटा जङ्गली जनावर हो । भाले कस्तूरी मृगको दुई ओटा लामो कुकुर दाँत हुन्छ । यिनीहरू जङ्गलमा बस्छन् र त्यहाँ पाइने बोटबिरुवाका हरियो पात, मुन्टा, सुकेका पातहरू खाएर जीवन निर्वाह गर्छन् । यिनीहरूको सिङ हुँदैन । यिनीहरू खोला, नदी कुवा र पानीको साना मूल भएको ठाउँमा गएर पानी पिउँछन् र नुनका लागि बगरको ढुङ्गा चाट्छन् । नेपालमा कस्तूरी मृगका दुई प्रजाति पाइएका छन् । यिनीहरू प्रायः हिमाल वा उच्च पहाडमा पाइन्छन् । चिसो ठाउँमा पाइने यिनीहरूको शरीर बाक्लो रौँले ढाकिएको हुन्छ । हामीले यी जनावरहरूलाई सकेसम्म संरक्षण गनुपर्छ । हामीले जङ्गलमा जथाभावी रुखहरू काट्नु हुँदैन । जङ्गलमा खाली ठाउँ भए बोटबिरुवाहरू रोप्नुपर्छ । घरपालुवा जनावरलाई छाडा छोड्नु हुँदैन । वनजङ्गलमा आगो लगाउनु हुँदैन । वनजङ्गलमा दाउरा खोज्न जाँदा सुकेका दाउरा मात्र टिप्नुपर्छ । यिनीहरूको वासस्थानलाई जोगाउनुपर्छ । वनजङ्गलमा पानीको मुहान फोहोर गर्नु हुँदैन । यिनीहरूलाई घाइते पार्ने वा चोरी सिकार गर्नु हुदैन । कसैले चोरी सिकार गर्ने, पासो थाप्ने गरेमा उनीहरूलाई सजाय दिनुपर्छ । यी जनावरहरूलाई जोगाएर राखेमा हामीले नयाँ पुस्तालाई हस्तान्तरण गर्न सकिन्छ ।




# कस्तूरी मृगबारे

**कर्मा साङमो,** कक्षा : ६, श्री नुब्री आधारभूत विद्यालय

कस्तूरी मृग हिमाली भेगमा पाइने एक प्रकारको जनावर हो । नेपालमा कस्तूरी मृगका दुई प्रजाति पाइएका छन् । यिनीहरूको पुच्छर छोटो हुन्छ । मृगको पछाडिको खुट्टा लामो हुन्छ । खुरको बनोटले गर्दा आहारा खोज्न चट्टान चढ्न सक्छन् । हामीले यसलाई संरक्षण गर्नुपर्छ । यसलाई संरक्षण गरेनौँ भने यो लोप हुँदै जान्छ र पछिका बालबालिकाले देख्न सक्दैनन् । कस्तूरी मृगसम्बन्धी जनचेतना हामीले हरेक व्यक्तिलाई दिनुपर्छ ।

# कस्तूरी मृगको संरक्षण गरौँ

**कम्या गुरुङ** कक्षा : ७, श्री नुब्री आधारभूत विद्यालय

कस्तूरी मृग एउटा शाकाहारी जङ्गली जनावर हो । यसको शरीर बाक्लो खैरो रौँले ढाकिएको हुन्छ । यो हिमाली क्षेत्रमा पाईन्छ । कस्तूरीमा मिठो बास्ना हुन्छ । हाम्रो देशमा दुई प्रजातिका कस्तूरी मृग पाइन्छ । कस्तूरी मृगले हाम्रो देशको गौरव बढाउँछ । यसको संरक्षण गरेर राख्यौँ भने पछिका मानिसहरूले पनि देख्न पाउँछन् । हामीले विभिन्न जनावरहरूको संरक्षण गऱ्यौं भने पर्यापर्यटनमा वृद्धि भई स्थानीयको आर्थिक विकास हुन्छ । कस्तूरी मृगको संरक्षणका लागि हामीले वनमा डढेलो लगाउनु हुँदैन । कस्तूरी मृगलाई हानि पुऱ्याउने व्यक्तिलाई ५० हजारदेखि एक लाख जरिवाना र १५ वर्षसम्मको जेल सजाय हुन्छ । हामी कसैले पनि यी जनावरहरूलाई कुनै किसिमको हानि गर्नु हुँदैन । अबदेखि हामी सबै जना मिली कस्तूरी मृगको संरक्षण गरौँ है ।

# कस्तूरी मृगको जनचेतना

**लक्ष्मी गुरुङ**, कक्षा : ९, श्री जनजागृति आधारभूत विद्यालय

कस्तूरी मृग एसिया महादेशका देशहरू भारत, नेपाल, चीन आदि ठाउँमा पाइन्छन् । विश्वमा कस्तूरी मृग सात प्रजातिका छन् । नेपालमा कस्तूरी मृग २ प्रजातिका पाइन्छन् । नेपालमा पाइने कस्तूरी मृग सेतोकण्ठे र कस्मिरी कस्तूरी मृग हो । कस्तूरी मृगलाई अङ्ग्रेजीमा Musk deer भनिन्छ । कस्तूरी मृग कोणधारी जङ्गलमा पाइन्छन् । कस्तूरी मृगको छोटो पुच्छर हुन्छ । यसको सिङ हुँदैन तर टाढाबाट भने कानलाई सिङ जस्तो देखिन्छ । भाले कस्तूरीको कुकुर दाँत लामो हुन्छ भने पोथीमा त्यस्तो हुँदैन । कस्तूरी मृग प्राय:जसो हिमाली क्षेत्रको २,५०० मिटरभन्दा माथि उचाइमा पाइन्छ । हाम्रो नेपाललाई विश्वमा चिनाउने पनि यस्तै जनावरहरूले हो । हाम्रो देश नेपालमा कस्तूरी मृग लोप हुने अवस्थामा छ । यस्तो हुन नदिन हामीले ठाउँ- ठाउँमा जनचेतना फैलाउनुपर्छ । हामीले सिकार गर्न नदिने र कस्तूरी मृग बस्ने ठाउँमा चराउन दिनु हुँदैन । कस्तूरी मृग शाकाहारी जनावर हो । कस्तूरी मृगहरूलाई मार्ने, पासो थाप्ने जस्ता कामबाट सचेत गराई यस्तो गर्नु हुँदैन भनी चेतना फैलाउनुपर्छ । यो हिमाली क्षेत्रमा पाइने हुनाले यसको शरीर बाक्ला रौँले ढाकिएको हुन्छ । कस्तूरी मृग जोगाउन यस बारेमा विद्यालयमा जनचेतना फैलाउनुपर्छ ।

# कस्तूरी मृगको संरक्षणमा लागौँ

**आयुस्का ढकाल**, कक्षा : १२, श्री भवानी माध्यमिक विद्यालय

कस्तूरी मृग जङ्गली प्राणी हो । यी प्राणीहरू वन जङ्गल लगायत जाडो मौसममा जङ्गलबाट केही फरक ठाउँतिर आवतजावत गर्ने प्राणी हुन् । हाम्रो देशमा दुई प्रजातिका कस्तूरी मृग पाइन्छ । कस्तूरी मृगका रौँ बाक्लो हुन्छ । भाले कस्तूरी मृगहरूको कुकुर दाँत दाह्रा जस्तो लामो देखिन्छ भने पोथी कस्तूरी मृगहरूमा दाह्रा हुँदैनन् । अत: भाले र पोथी सजिलै छुट्याउन सकिन्छ । यसको पुच्छर छोटो हुन्छ र यी प्राणी प्राय: हिमाली क्षेत्रमा बसोबास गर्ने भएकाले पछाडिका खुट्टा लामा हुन्छन् । कस्तूरी मृगहरू अलि लजाउने खालका हुन्छन् । त्यसकारण घाम उदाउने तथा अस्ताउने समयमा यिनीहरूले चरन गर्ने गर्छन् । यी प्राणी शाकाहारी जनावर हुन् । यिनीहरूले हरिया घाँस, रुखमा पलाउने झ्याउ जस्तालाई आहाराका रूपमा प्रयोग गर्छन् । यो अति महत्वपूर्ण प्राणी हो । यी कस्तूरी मृग जस्ता प्राणीहरूले नै हाम्रो देश नेपाल भनेर चिनाउन सफल भएका छन् । कतिपय मानिसहरूले यसको सिकार गरेको देखिन्छ । तसर्थ यी प्राणीको संरक्षणमा हामी मानिसहरू अघि बढ्न आवश्यक छ । विगतमा जेजस्तो भए पनि अब आउने दिनहरूमा यस्ता प्राणीको संरक्षणका लागि सबै मिली जनचेतना फैलाउनु आवश्यक छ ।




# Musk deer and It's Conservation

**Maya Gurung,** Class: 10, Shree Bhawani Secondary School

Musk deer is one of the endangered species on the list of IUCN. In the world there are seven species of Musk deer. Among them two types of Musk deer are found in Nepal. They are white-bellied Musk deer and Kashmir Musk deer. They are found in Himalayan region. They are found from 2,500 m. Their fur is thick and cover the whole body which protect them from cold in Himalayan region. They don't have horn. They are found in coniferous jungle. Their food is fruits, dry leaves, grass, etc. As we know that the population of Musk deer is decreasing day by day, we should conserve it.

The government should take strict action to such type of people who sell and buy it. We should not graze animals randomly. Such type of habit should be stopped. We have to stop forest fire to protect its habitat. We should conserve it for our future generation. To stop the illegal poaching the government should have strict laws. As we student should also conduct awareness program about the importance of Musk deer. Musk deer is one of the beauties of the nation. Conserving it is our duty as a Nepali citizen.

At last what I want to say is we should not kill Musk deer and we should conserve it for our future generation.

# Musk deer

**Roshan Gurung,** Class : 10, Shree Bhawani Secondary School

In our Nepal, Musk deer are found from 2,500 to 4,200 m. Musk deer are found in China, Bhutan, Nepal etc. It is found in high hills or mountains with grassland and bushes. The body structure of Musk deer varies with their species. Nepal have only two species. Musk deer have a short tail, long ear, long back legs. Musk deer body weight 17 kg or more. It is herbivorous animal. Musk deer have dense hair which helps to maintain body temperature from the cold. The male Musk deer have two long canine teeth. With hoofed foot, it can easily climb hills, mountain. Musk deer communicate with each other by using the body smell.

Nowadays, Musk deer are trafficked by human. Some local people also traffick Musk deer to earn foreign dollar. But we have to conserve the Musk deer. We have to aware the society of Nepal and let them know the importance of Musk deer. We have to stop deforestation and forest fire. The government will punish the poacher with 1 lakh fine and upto 15 year imprisonment.

The Musk deer should be conserved for our future generation.

# Protection of Musk deer

**Elena Karki,** Class : 9, Shree Buddha Secondary School

In our Nepal there are two kind of Musk deer while in the world there are seven kind of Musk deer. We can find deer in jungles side where there is dense forest where they can live easily hidden from predators. Most of animal have horn but in Musk deer there are no any horn and they have very small tail. Male have long canine teeth. They have long hind leg which help them for leaping. So, it is very interesting animal.

Nowadays, number of deer is slowly disappearing. We have to protect this animal. We should tell every people about the importance of Musk deer and involve them to protect the animal, this is our duty. Musk deer is the beauty of our forest.




# कस्तूरी मृग संरक्षण हाम्रो दायित्व

**रोशनी कार्की**, कक्षा :१२, श्री भवानी माध्यमिक विद्यालय

नेपालमा पाइने विभिन्न किसिमका वन्यजन्तुमध्ये कस्तूरी मृग एक महत्वपूर्ण जनावर हो । कस्तूरी मृगको जम्मा सात प्रजाति विश्वमा पाइन्छ । त्यसैगरी हाम्रो देश नेपालको परिवेशमा हेर्ने हो भने दुई प्रकारका कस्तूरी मृगहरू पाइन्छन्- सुनकण्ठे र कस्मिरी कस्तूरी मृग । कस्तूरीको शरीर बाक्ला रौँहरूले ढाकिएको हुन्छ । यसको शरीरको तौल १७ किलो अथवा सोभन्दा कम रहेको हुन्छ । कस्तूरी मृगको सिङ हुँदैन । यसको कान लामो हुन्छ । कस्तूरी मृगको पुच्छर अति नै छोटो हुन्छ । यसको मुख्य विशेषता भनेको भाले कस्तूरीको नाभि अथवा नाइटोभन्दा अलि तल रहेको बिना हो जुन अति नै महत्वपूर्ण रहेको छ । यो हिमाली भेगमा पाइने जनावर हो । कस्तूरी मृग उत्तरी नेपालको २,५०० देखि ४,३०० मि. सम्मको उचाइमा रहेको कोणधारी जङ्गलमा पाइन्छ । यसको आहारा भनेको हरियो सागपात, कलिला मुना र रुखको बोक्रा हो । यो शाकाहारी जनावर हो । यो मृग नेपालमा नभएर विश्वभरि नै अति सङ्कटापन्न अवस्थामा पुगेका छन् । नेपालमा पाइने दुवै जातिका कस्तूरी मृगहरू आ.यु.सि.एन. को रातो सूचिमा सङ्कटापन्न सूचीमा पर्न गएको छ ।

कस्तूरी मृगको संरक्षण गर्नु हामी सबैको उत्तरदायित्व हो । हामी सबैले आफ्नो गाउँठाउँमा पाइने जङ्गली जनावरहरूको संरक्षण गर्नुपर्दछ । यदि कसैले कस्तूरी मृगको सिकार गरेको थाहा पाएका नजिकैको निकुञ्ज वा वन्यजन्तु संरक्षण केन्द्रमा तुरुन्तै खबर गर्नुपर्दछ । नेपालको कानुनबमोजिम ती अपराधी व्यक्तिलाई तोकेअनुसारको जरिवाना र जेल सजाय दिलाउनुपर्दछ ।

कस्तूरी मृगको संरक्षणबाट हाम्रा भावी पुस्तालाई यस मृगको बारेमा जानकारी हुन्छ । कस्तूरी मृगको अध्ययन अनुसन्धानका लागी देश-विदेशबाट पर्यटकहरू आउने गर्छन् । कस्तूरी मृगको संरक्षणबाट यसको मात्र नभई अन्य विभिन्न जङ्गली जनावरहरूको पनि संरक्षण भइरहेको हुन्छ । त्यसैले कस्तूरी मृगको संरक्षण गर्न सबै एकजुट हुनुपर्दछ । यसको संरक्षण हामी सबैको कर्तव्य हो ।



चित्रकारको नाम : सुबिना गुरुङ
कक्षा : ७
श्री जनजागृति आधारभूत विद्यालय

# कस्तूरी मृग र पर्यापर्यटन

**राजकुमार गुरुङ, कक्षा : १०, श्री बुद्ध माध्यमिक विद्यालय**

नेपाल एक भौगोलिक विविधताले भरिपूर्ण भएको देश हो । नेपाललाई हिमाल, पहाड र तराई गरी तीन भागमा विभाजन गरिएको छ । हिमालमा चिसो खालको हावापानी पाइन्छ । तराईमा गर्मी खालको हावापानी पाइन्छ । पहाडमा न्यानो खालको हावापानी पाइन्छ । नेपाल डाँडाकाँडा, हिमाल, उपत्यका मिलेर बनेको छ । नेपालमा विभिन्न प्रजातिका बोटबिरुवा, जीवजनावर पाइन्छ। त्यसमध्ये कस्तूरी मृग नेपालको हिमाली भागमा पाइन्छ। कस्तूरी मृगको शरीर बाक्लो रौंले ढाकिएको हुन्छ । कस्तूरी मृग विश्वमा सात प्रजातिका पाइन्छन्, जसमध्ये नेपालमा २ प्रकारका पाइन्छन् ।

कस्तूरी मृगको पछाडिको खुट्टा लामो र अगाडिको खुट्टा छोटो हुन्छ। यसको सिङ हुँदैन । यसको मुख्य आहारा विभिन्न प्रकारका घाँसपातहरू र झ्याउहरू हुन् । कस्तूरी मृगलाई भविष्यका लागि संरक्षण गर्न सकियो भने भविष्यमा सन्ततिलाई पनि चिनाउन सकिन्छ ।

कस्तूरी मृगसम्बन्धी विभिन्न गाउँ-गाउँमा जनचेतना गराउनु पर्दछ । कस्तूरी मृगलाई चोरी, सिकारी गर्नेलाई कानुनबमोजिम कडा सजाय दिनुपर्दछ । आगलागीका खतरा भएका स्थानमा आगलागी नगराउन चेतना जगाउने कार्यक्रम गराउनुपर्दछ। हामीले यसलाई संरक्षण गर्न सक्यौं भने पर्यटनको विकास पनि गर्न सकिन्छ। त्यसकारण हामीले यसलाई चोरी, सिकारी होइन संरक्षण गर्नतर्फ लाग्नुपर्दछ ।




# कस्तूरी मृगबारे बुझौँ

**प्रेरणा गुरुङ, कक्षा : १०, श्री बुद्ध माध्यमिक विद्यालय**

नेपाल भौगोलिक विविधताले भरिपूर्ण राष्ट्र हो । नेपाललाई हिमाल, पहाड र तराई गरी तीन क्षेत्रमा विभाजन गरिएको छ । फरक क्षेत्रमा फरक जीवजन्तुहरू पाइन्छन् । यीमध्ये कस्तूरी मृग पनि हो । नेपालमा कस्तूरी मृगका दुई प्रजाति पाइन्छ । यी कस्तूरी साना र होचा हुन्छन् । यिनीहरू हिमाली भेगमा पाइने हुनाले जाडोबाट बच्न लामा र बाक्ला रौँले शरीर ढाकिएको हुन्छ । यिनीहरूको सिङ हुँदैन । भाले कस्तूरीको कुकुर दाँत लामो हुन्छ । यिनीहरूले प्रायःजसो पात र टुसाहरू खाने गर्छन् । नेपालमा कस्तूरी मृग लगायत अन्य लोप हुन लागेका जीवजन्तुहरू पनि छन् । हामीहरूले यिनीहरूको संरक्षण गर्नुपर्छ । जथाभावी आगलागी, पशु चरिचरन गर्ने काम बन्द गर्नुपर्छ । त्यस्तै यसलाई हाम्रा लागि मात्र नभई भावी पुस्ताहरूका लागि पनि संरक्षण गर्नुपर्छ । यस्तो जीवहरूको संरक्षण गर्नु हाम्रो दायित्व हो । त्यस्तै यस्ता जीवहरूको संरक्षणका लागि ठाउँठाउँमा संरक्षण क्षेत्रहरू खोलिएका छन् । यस सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी यिनीहरूको संरक्षण गर्न सक्छौँ । हामीले यसरी संरक्षण गरेमा देशको गौरव बढ्छ । अब विनाशतर्फ होइन, संरक्षणतर्फ हातेमालो गर्नुपर्छ । यसको संरक्षण गर्न नजानेकालाई सिकाउने र नबुझ्केकालाई बुझाउने गर्नुपर्छ ।

# भावी पुस्ताका लागि कस्तूरी मृगको संरक्षण

**एन्जिला गुरुङ**, कक्षा : ९, श्री बुद्ध माध्यमिक विद्यालय

यस पृथ्वीमा विभिन्न प्रकारका जीवजन्तुहरूमध्ये कस्तूरी मृग पनि लोप हुन लागेको एक जीव हो। सबै जीवजन्तुको आ-आफ्नै वासस्थान रहेको हुन्छ। हाम्रो वरिपरिको जीवजन्तुको बढी सिकार गरेर जीवजन्तुको विनाश हुँदै गएको हो। विश्वमा सात प्रजातिका कस्तूरी मृग पाइन्छन् तर नेपालमा दुई प्रजातिका कस्तूरी मृग मात्र पाइन्छन्। हामीले अहिले कस्तूरी मृग देख्न पाएका छौं, अचानक पछि गएर बढी सिकार गरेर लोप भयो भने भावी सन्ततिले पढ्न र तस्बिरमा देख्न मात्र पाउँछन्। त्यसैले हामीले कस्तूरी मृगको संरक्षण गर्नुपर्दछ। यससम्बन्धी जनचेतनाहरू फैलाउने गर्नुपर्दछ। वनजङ्गलमा घाँसदाउरा जाँदा डढेलो लगाउने जस्ता कार्यहरू गर्नु हुँदैन। समाजमा कसैले त्यस्तो गरेमा सम्झाइबुझाइ गर्नुपर्दछ। कस्तूरी मृगलाई कसैले देखमा केही पनि नगरीकन आफ्नो बाटो लाग्न दिनुपर्छ। कस्तूरी मृग लगायत अन्य प्राणी तथा पन्छीहरूको वासस्थानको विनाश गर्नु हुँदैन।

एक थुकी सुकी सयौं थुकी नदी भनेझैं, एक जनाबाट अर्को हुँदै जनचेतना फैलाउँदै गएपछि मात्र विश्वमा कस्तूरी मृग लगायत सबै जीवजन्तुहरूको संरक्षण हुन सक्छ। त्यसैले हामीले सुरुबाटै जीवजन्तुको संरक्षण गर्न सक्यौं भने पछि भावी सन्ततिहरूले कस्तूरी मृगहरूबारे थाहा पाउन सक्छन्।

# कस्तूरी मृगको जानकारी

**भीम बहादुर गुरुङ**, कक्षा : ८, श्री जनजागृति आधारभूत विद्यालय

कस्तूरी मृग एक सुन्दर जनावर हो। यो मृग नेपाल, भारत, चीन, भुटान, बाङ्गलादेश गरी १३ ओटा देशमा पाइन्छन्। हाम्रो देश नेपालमा पाइने जनावरहरू हेर्न विदेशी पनि आउने गर्दछन्। हामीले मृगलाई मार्नु हुँदैन। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले कस्तूरी मृगलाई संरक्षण गरेको छ र चोरी सिकार गर्न निषेध गरेको छ। त्यही ऐन अनुसार मृगलाई चोरी सिकार गरेको थाहा भएमा त्यस्तो व्यक्तिलाई ५० हजारदेखि एक लाख रुपैयाँसम्मको जरिवाना र पाँचदेखि १५ वर्षसम्मको जेल सजाय समेत हुने व्यवस्था छ। मृग चर्ने ठाउँमा घरपालुवा जनावर चराउनु हुँदैन। साथै यिनीहरूको वासस्थानलाई पनि संरक्षण गर्नुपर्छ। हामीले कस्तूरी मृगका बारेको जानकारी गाउँ-गाउँ अनि बस्ती-बस्तीमा फैलाउनुपर्छ। कस्तूरी मृगको संरक्षण गरेमा हाम्रो नातिनातिनाहरूले पनि हेर्न र चिन्न मौका पाउनेछन्। त्यसैले कस्तूरी मृगको संरक्षण गर्नुपर्छ।



साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउण्डेशन
बल्खु, काठमाण्डौ, नेपाल
**Website** : www.smcrf.org
**Email** : smcrfnepal@gmail.com / info@smcrf.org

9 789937 138062